## काठेखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:८ संख्या:१४ मिति: २०८३/०२/२८

**भाग-२**

## काठेखोला गाउँपालिका

काठेखोला गाउँपालिकाको बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी कार्यविधि, २०८३

# काठेखोला गाउँपालिकाको
# बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी कार्यविधि, २०८३

काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँ, बागलुङ

# बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी काठेखोला गाउँपालिकाको एकीकृत कार्यविधि,२०८३।

## प्रस्तावना

काठेखोला गाँउपालिकामा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मांन, सम्वर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न गराउन, बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितता गरी बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न एकीकृत कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधार (१), बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ६० को उपदफा (३) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी काठेखोला गाँउपालिकाको कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी काठेखोला गाउँपालिकाको एकीकृत कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाले स्विकृत गरेको मिति देखि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;-

(क) "अध्यक्ष" भन्नाले काठेखोला गाँउपालिकाको अध्यक्ष सम्झनुपर्छ।

(ख) "गाँउपालिका" भन्नाले काठेखोला गाँउपालिका सम्झनुपर्दछ ।

(ग) "उपाध्यक्ष" भन्नाले काठेखोला गाँउपालिकाको उपाध्यक्ष सम्झनुपर्छ।

(घ) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनुपर्छ।

(ङ) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनुपर्छ।

(च) "परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ।

(छ) "बालगृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा सञ्चालनमा रहेको र ऐनकै दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्ने गाँउपालिकाभित्र सञ्चालनमा रहेका संस्था सम्झनुपर्छ ।

(ज) "बाल क्लब वा संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि अठार वर्षपूरा नगरेका बालबालिकाले ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा व्यवस्था भए अनुसार



गाउँ कार्यपालिकाको कार्यालय काठेखोला गाउँपालिका बिहुँकोट, बागलुङ गण्डकी

वडा तथा गाँउपालिकामा सूचीकृत भएका १८ वर्ष भन्दा कम उमेरका बालबालिकाको संस्था सम्झनु पर्छ ।

(झ) "बालकोष" भन्नाले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि ऐनको दफा ६३ बमोजिम गाँउपालिकामा स्थापना गरिएको बाल कोष सम्झनुपर्छ।

(ञ) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ।

(ट) "बालसञ्जाल" भन्नाले बाल क्लब वा बाल संस्थाहरुको सञ्जालको रुपमा गाँउपालिकामा दर्ता भएको सञ्जाल सम्झनुपर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ।

(ड) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम गाँउपालिकामा नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्छ ।

(ढ) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका गाँउपालिका भित्रका बालबालिका सम्झनुपर्छ ।

(ण) "समाजसेवी तथा बाल मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम गाँउपालिकामा सूचीकृत भएका वा सूचीकृत भइ नियुक्त भएका व्यक्ति सम्झनुपर्छ ।

(त) "समिति" भन्नाले स्थानीय बाल अधिकार समिति सम्झनु पर्छ ।

(थ) "संस्था" भन्नाले बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई गाँउपालिकाभित्र बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ/संस्था, संगठन, सञ्जाल तथा सामुदायिक संस्था सम्झनुपर्छ ।

(द) "सेवा प्रदायक निकाय" भन्नाले गाँउपालिकामा बालबालिका सम्बन्धी सेवा प्रवाह गरिरहेका सरकारी निकाय, गैरसरकारी संघ संस्था, नीजि क्षेत्र, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बाल गृह, बाल सुधार गृह, बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवा जस्ता सेवा प्रदान गर्ने निकाय तथा संस्था सम्झनुपर्छ ।

(ध) "अनाथ बालबालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनुपर्छ ।

(न) "कार्यविधि" भन्नाले गाँउपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८३ सम्झनु पर्दछ ।

(न) "संरक्षक शिक्षक" भन्नाले विद्यालयमा बाल क्लब वा संस्थालाई सहयोग तथा सहजीकरण गर्न तोकिएको शिक्षकलाई जनाउनेछ ।

## परिच्छेद-२

## बालबालिकाको विशेष अधिकारको संरक्षण

३. **पोषण तथा खोपको अधिकारको संरक्षण तथा प्रवर्धन गरिने:-** (१) गाँउपालिकाले गाँउपालिका भित्रका सवै बालबालिकालाई तोकिए बमोजिमका खोपहरुको व्यवस्था गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खोपहरुको व्यवस्थाका लागि गाँउपालिकाले सबै वडांमा खोपको प्रकार र लगाउनुपर्ने तालिकाहरु उल्लेख गरी जानकारी बोर्डको व्यवस्था गर्नेछ ।

(३) गाँउपालिका भित्रका बालबालिकाको खण्डिकृत सूचना व्यवस्थापन गरी खोप लगाएका वा नलगाएका बालबालिको पहिचान गरिनेछ ।

(४) तालिका बमोजिम खोप नलगाएका बालबालिकालाई वडा कार्यालयहरु मार्फत खोपको लागि पारिवारिक परामर्श तथा सहजीकरण गरिनेछ ।

(५) पोषण नपुगेका बालबालिकालाई उचित पोषणको व्यवस्थाका लागि आवश्यकता अनुसार गाँउपालिकाले पारिवारिक परामर्श, पारिवारिक सहयोग तथा पोषण सामग्री सहयोग गर्नेछ ।

४. **बाल अधिकारको संरक्षण:** गाँउपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाको अधिकारहरूको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन, तथा परिपूर्तिका लागि ऐनको दफा ६४ र ६५, बालबालिका प्रतिको दायित्व निर्वाह गर्न दफा १७, १८ र १९ एवम् बालबालिकाको कर्तव्य परिपालनाका लागि दफा ७७ बमोजिम पालना तथा कार्यान्वयन गरिनेछ।

५. **सेवा प्रवाहको व्यवस्था:** बाल अधिकारहरूको संरक्षण, सम्मान, सम्वर्धनका प्रवर्धन, प्रचलन, तथा परिपूर्ति गर्नका लागि देहाय बमोजिमका सेवा प्रवाहको व्यवस्था मिलाईने छ।

(क) गाँउपालिका भित्रका सबै किसिमका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र सहज उपायहरू अपनाइने,

(ख) गभर्वती, सुत्केरी, नवजात शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरू, स्वास्थ्य सेवा, पोषणसँग सम्बन्धित सेवासुविधा र आवश्यक बालमैत्री भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरू उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको पटके वा आवधिक अनुगमन गर्ने गराउने कार्यहरू गरी बालबालिकाको अधिकार सुनिश्चित गरिने,

(ग) गाँउपालिका भित्र सञ्चालनमा रहेका निजी स्वास्थ्य संस्थाहरूलाई बालबालिकाको स्वास्थ्य उपचारमा सहुलियतको व्यवस्थाका मिलाईने,

(घ) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल, डेक्स, बेन्च, उज्यालो र राम्ररी हावा आवात जावत गर्ने कक्षाकोठा), बालवालिका विरूद्ध कुनै पनि किसिमका विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहार, अस्वस्थ खाना लगाएतका कार्यहरु निषेध गर्ने एवंम् लैङ्गिकमैत्री तथा अपाङ्गमैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाई, स्यानीटेरी



काठेखोला गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश

प्याड तथा प्रारम्भिक उपचार बाकस, नियमित र अपाङ्गता भएका बालबालिकाको पहुँच योग्य मैदान र सबै अवस्थाका विद्यार्थीहरूमैत्री खेलकुद सामान र सामानको व्यवस्था गरिने,

(ङ) गाँउपालिका भित्रका सबै किसिमका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाईने,

(च) प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने विविध किसिमका छात्रवृत्तिहरूको यथोचित वितरण र सोको अनुगमन तथा समिक्षा गरिने,

(छ) गाँउपालिकामा एक बालमैत्री सिकाई केन्द्र र एक गाँउ स्तरीय बाल उद्यान सहित एक बाल पुस्तकालय, बाल सिर्जना केन्द्र र खेलकुदको व्यवस्था गरिने,

(ज) कुनैपनि विद्यालयको २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामग्री बिक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगायत १८ वर्षभन्दा कम उमेरका बालवालिकालाई उक्त सामग्रीको वितरण तथा प्रयोग गर्न निषेध गरिने,

(झ) प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका लागि बालसंरक्षण मापदण्ड बनाई सहजै देखिने गरी राखे र सोको कार्यन्वयन गरिने व्यवस्था मिलाईने,

(ञ) बालवालिकाविरूद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बालविवाह, बालश्रमका घटनाहरू रोकथाम र अन्त्य गर्न, बाबुआमाविहीन, जोखिम अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यक भएका (आधारभूत अधिकारबाट बञ्चित, एचआइभी एड्सबाट संक्रमित र प्रभावित आदि) बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारवाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने व्यवस्था मिलाईने,

(ट) गाँउपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अनिवार्य रूपमा बाल अधिकार तथा बालमैत्री व्यवहार, बाल संवेदनशीलता र बालमैत्री शासन अभ्यास सम्बन्धी अनुशिक्षण प्रदान गरिने,

(ठ) गाँउपालिकाको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रकृयामा अर्थपूर्ण बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालवालिकासँग सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्था मिलाईने,

(ड) जोखिममा रहेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाईन सेवा (निःशुल्क टेलिफोन नं. १०९८ दश नौ आठ) लगायत सम्बन्धीत संरोकारवाला निकाय र संस्था तथा हराएका बालबालिकाको खोजतलास, वेवारिसे फेला परेका बालबालिकाको सकुशल उद्दार तथा व्यवस्थापन, जोखिमपूर्ण श्रममा संलग्न, बेचविखन तथा ओसारपासरमा परेका तथा सडक बालबालिकाको उद्धार तथा संरक्षण गर्न बालबालिका खोजतलास समन्वय केन्द्रको (निःशुल्क टेलिफोन नं. १०४) सँग समन्वय तथा सहकार्य गरिने,

(ढ) गाँउपालिका भित्रका सबै किसिमका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ती, सामाजिक सुरक्षा सहयोग, बाबुआमा विहीन, जोखिम अवस्थामा परेका,



गाउँकार्यपालिकाको कार्यालय बिहँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

स्वास्थ र पोषण, एचआइभी संक्रमित तथा प्रभावित लगायतको स्थितिबारे खण्डीकृत सूचनाको व्यवस्थित संकलन र अभिलेखीकरण गरी वेवसाईट मार्फत अद्यावधिक रुपमा सार्वजनिक गरिने,

(ण) खण्ड (ढ) बमोजिमको तथ्याङ्कको आधारमा बालबालिकाको अवस्थाको लेखाजोखा गरी बालबालिकाको संरक्षण र हेरचाहको व्यवस्था मिलाईनेछ।

(त) पालिका भित्र कुनै स्थानमा अनाथ वेवारिसे वा स्याहार संरक्षण गर्ने बाबु आमा नभएको बालबालिका फेला परेमा जुनसुकै व्यक्तिले अनुसूची १ बमोजिम सूचना दिनु पर्नेछ र उक्त बालबालिकाको संरक्षणको आवश्यक व्यवस्था स्थानीय बाल अधिकार समितिले गर्नेछ ।

६. **बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्नेः** गाँउपालिकाका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिईनेछ।

७. **बालमैत्री अपाङ्गमैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः** बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने पालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री तथा अपाङ्गमैत्री हुने गरी निर्माण गर्ने व्यवस्था मिलाईनेछ।

८. **बालश्रम रोकथाम र निषेध गरिनेः**- (१) गाँउपालिकालाई बालश्रम मुक्त बनाउनका लागि स्थानीय बाल अधिकार समितिले बालश्रम मुक्त गाँउपालिका अभियान सञ्चालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अभियानका लागि गाँउपालिकाभित्र होटल, घर, रेस्टुरेन्ट, कारखाना, उद्योग, सार्वजनिक स्थान, सडक लगायतका क्षेत्रका यदी कसैले कानून विपरित बालश्रम प्रयोग गरिरहेको भए यस्ता कार्यहरु तत्काल रोक्न र त्यस्ता बालबालिकालाई सम्बन्धित परिवारमा नै पुनर्मिलन गराउन एक पटक ३० दिनको सार्वजनिक सूचना जारी गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सूचनाको अवधि समाप्त भए पश्चात देहायका प्रकृयाहरु अपनाई बालश्रममा रहेका बालबालिकाको उद्धार गर्नुपर्नेछः-

(क) गाँउपालिका क्षेत्रमा भएका बालश्रमयुक्त क्षेत्रको पहिचानका लागि स्थानीय प्रहरीको समेतमा अनुगमन टोलीले उनीहरुको परिचालन गरी रेकी गर्ने

(ख) रेकीबाट पहिचान भएका बालश्रमयुक्त क्षेत्रहरुको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरुमा बालबालिका रहेको भए त्यस्ता बालबालिकाको संख्या पहिचान गर्ने ।

(ग) पहिचान भएका बालबालिकालाई उद्धार गर्नका लागि सरोकारवालाहरुसँग समन्वय गर्ने ।

(घ) उद्धार कार्य गर्नुपूर्व उद्धार पश्चात बालबालिकालाई राख्ने गाँउपालिकामा वा परिषद्मा सूचीकृत अस्थायी संरक्षण सेवासँग समन्वय गर्नुपर्नेछ ।

(ङ) उद्धार गरिएका बालबालिकालाई यस कार्यविधि बमोजिम सूचीकृत अस्थायी संरक्षण सेवामा संरक्षण गर्ने र



बडिगाड गाउँपालिका गाउँपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

(च) पारिवारिक खोजी तथा लेखाजोखा गरी पारिवारिक पुनर्मिलन गर्ने वा परिवारमा पुनर्मिलन हुन नसकेमा वैकल्पिक हेरचाहको व्यवस्था गर्ने

(४) अनुगमन टोलीले गाँउपालिकाभित्रका क्षेत्रहरुमा बालश्रम रहे नरहेको भन्ने विषयमा त्रैमासिक रुपमा अनुगमन गर्नुपर्नेछ ।

(५) गाँउपालिकाले बालश्रम निवारणका लागि निजी क्षेत्रको सामाजिक उत्तरदायीत्व सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

(६) सडकमा जोखिमपूर्ण अवस्थामा वस्तु विनिमयमा संलग्न तथा माग्ने बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

(७) गाँउपालिकाभित्र सञ्चालित प्रत्येक होटल, रेस्टुरेन्ट, कारखाना, उद्योग लगायतका स्थानहरुमा बालश्रममुक्त होटल, ........ लेखिएको बोर्ड राख्नुपर्नेछ ।

(८) बालश्रम सम्बन्धी कानूनी व्यवस्थाहरुको बारेमा नियमित रुपमा प्रचारप्रसार एवम् जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ ।

(९) बालबालिकालाई जोखिमपूर्ण श्रममा संलग्न गराउने व्यक्ति, परिवार वा संस्थालाई कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

९. <u>**बालविवाह अन्त्य सम्बन्धी व्यवस्थाः**</u> गाँउपालिकालाई बाल विवाह अन्त्यका गर्नका लागि स्थानीय बाल अधिकार समितिले बालश्रम मुक्त गाँउपालिका बनाउनका लागि देहाय बमोजिका कार्यहरु गर्नेछ।

(क) गाँउपालिकाले बालविवाह अन्त्यको लागि परिवेश अनुसारको आवश्यकता बमोजिम मापदण्ड र कार्ययोजना बनाई लागु गर्ने,

(ख) गाँउ बाल अधिकार समिति, प्रहरीको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, बाल कल्याण अधिकारी र गाँउपालिकामा सूचीकृत समाजसेवी तथा बालमनोविज्ञको क्षमता अभिविद्धि गर्ने,

(ग) विद्यालयमा बाल संरक्षण मापदण्ड निर्माण गरि बालविवाहको जोखिम तथा हिंसामा परेका बालबालिकालाई मनोसामाजिक विमर्श सेवा प्रावह गर्ने,

(घ) बालविवाहको जोखिममा रहेको तथा प्रभावित बालबालिकाको घटना व्यवस्वथापनको प्रक्रिया अनुरुप योजना बनाई कार्यान्वयन गर्ने,

(ङ) गाँउपालिकामा बालविवाह लगाएत बालबालिका सम्बन्धी अन्य खण्डीकृत सूचना व्यवस्थापनमा लागि बाल संरक्षण सूचना व्यवस्थापन प्रणालीको स्थापना र सुदृढीकरण गर्ने,

(च) बाल हेल्पलांईन सेवा १०९८, बालबालिका खोजतलास सेवा १०४, राष्ट्रिय महिला आयोगको हेल्पलाईन ११४५ को प्रभावकारिता अभिवृद्धि र पहुँच विस्तारं गर्ने,

(छ) विद्यालयमा बालिकामैत्री र गुणस्तरिय शिक्षा, लैङ्गिक संवेदनशिलता, पक्षापातरहित बृहत यौनिकता शिक्षा सुतिश्चित गर्ने,



गाउँपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

(ज) विद्यालयमा बालमैत्री बातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीलाई अवधारणागत स्पष्टताका साथ क्षमता अभिवृद्धि गर्ने,

(झ) सेवा प्रदायकको जवफदेहिता र क्षमता अभिवृद्धि गरि आवश्यकंता अनुसार तत्कालै र गुणस्तरीय सेवा प्रवाहका लागि समन्वय र प्रेषण प्रणालीको विकास गर्ने,

(ञ) बालविवाह सम्बन्धी कानुन कार्यान्वयन गर्ने अधिकारी, न्यायीक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्ने,

(ट) बालविवाहसँग सम्बन्धित कसूरमा सूचना प्राप्त भएपश्चात प्रहरी लगायत अन्य पक्षबाट कानूनी दायारामा ल्याउने अभ्यासलाई प्रोत्साहित गर्ने।

१०. **जोखिमी अवस्थामा रहेका बालबालिकाको पहिचान र संरक्षणः-** (१) बाल अधिकार समितिले गाँउपालिका भित्र जोखिमी अवस्थामा रहेका बालबालिकाको पहिचान गरी आवश्यक सेवा प्रवाह गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जोखिममा परेका बालबालिकाको पहिचान तथा सो को अभिलेखीकरणका लागि बाल अधिकार समितिले समाजसेवीलाई जिम्मेवारी दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम समाजसेवीले पहिचान गरेका जोखिमी अवस्थामा रहेका बालबालिकालाई आवश्यक सेवाहरु तथा बालबालिकाको सर्वोत्तम हित सम्बन्धी विषयहरु समेत खुलाई समाजसेवीले सो को प्रतिवेदन बाल कल्याण अधिकारी समक्ष पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको अध्ययन गरी बालकल्याण अधिकारीले प्रतिवेदनमा आफ्नो सुझाव सहित राखी उक्त प्रतिवेदन स्थानीय बाल अधिकार समितिं समक्ष पेश गर्नुपर्नेछ ।

(५) स्थानीय बाल अधिकार समितिको निर्णयले त्यस्ता बालबालिकालाई घटना व्यवस्थापन प्रकृया अनुसार संरक्षण तथा व्यवस्थापन गर्नुपर्नेछ ।

## परिच्छेद-३
## बालअधिकार समिति सम्बन्धी व्यवस्था

११. **स्थानीय बाल अधिकार समितिको गठन**ः ऐनको दफा ६० को उपदफा (२) बमोजिम गाँउपालिकामा देहाय बमोजिमको गाँउ बाल अधिकार समिति रहनेछः-

(क) गाउँपालिकाको उपाध्यक्ष -अध्यक्ष

(ख) गाँउपालिकाले तोकेको महिला कार्यपालिका वा वडा सदस्य गरी २ जना -सदस्य

(ग) गाँउपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्येबाट १ जना -सदस्य

(घ) गाँउपालिकाले तोकेको सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता, बाल मनोविज्ञ वा बाल विशेषज्ञ मध्ये १जना -सदस्य

(ङ) गाँउपालिकाको बालबालिका शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र जनस्वास्थ्य शाखा प्रमुख गरी ३ जना - सदस्य

(च) बाल सञ्जाल वा बालक्लबबाट बाट १ जना बालिका सहित उपाध्यक्षले तोकेको २ जना - सदस्य

(छ) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट पालिकाले मनोनयन गरेका १ जना -सदस्य

(झ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी -सदस्य

(ञ) बाल कल्याण अधिकारी -सदस्य–सचिव

२) उपदफा (१) को खण्ड (क), (ङ), (झ) र (ञ) बमोजिम बाहेकका मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

१२. **समितिको काम, कर्तव्य र अधिकारः** (१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ख) बाल अधिकार सम्बन्धी आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

(ग) स्थानीय तहभित्र सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) स्थानीय तहभित्र हुन सक्ने बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण, सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनःस्थापना, र व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण र सम्वर्धन तथा वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्ने,

(ङ) स्थानीय तहभित्रका वडा, विद्यालय, टोल, समुदाय, घर तथा परिवारलाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने तथा आवश्यक सहजीकरण गर्ने ।

(च) नेपाल सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरु लागू गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, बालमैत्री स्थानीय तह अवलम्बन गरी घोषणा गर्ने ।

(छ) बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) जोखिममा परेका बालबालिकाको उद्धार, राहत, संरक्षण तथा व्यवस्थापन गर्ने,

(झ) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी, स्थानीय तहको स्वीकृतिमा बालबालिका सम्बन्धी वार्षिक स्थानीय प्रतिवेदन



काठेखोला गाउँपालिका गाउँपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(ञ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण, अद्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा स्थानीय तहलाई सहयोग गर्ने,

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र जिल्ला अदालतलाई सहयोग गर्ने ।

(ठ) बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्धनका लागि प्रदेश बाल अधिकारी समिति तथा परिषद्सँग समन्वय र सहकार्य गर्ने ।

(ड) गाँउपालिका भित्रका बालबालिकासँग सम्बन्धित वा सरोकार राख्ने सामाजिक संस्था, सार्वजनिक निकाय, विद्यालय र निजी क्षेत्रमा बाल संरक्षण मापदण्ड लागू गर्ने

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. **समितिको बैठकः** (१) स्थानीय बाल अधिकार समितिको बैठक २ महिनामा कम्तिमा एक पटक बस्नेछ तर, समितिले आवश्यक ठानेमा जुनसुकै बेला समितिको बैठक बस्न सक्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा आवश्यकता अनुसार बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघसंस्थाका प्रतिनिधि एवं पेशागत विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) समितिको निर्णय समितिका सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राख्नेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः** (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नको निमित्त गाँउसभा सदस्य तथा कर्मचारीहरु मध्ये आवश्यकता अनुसार निश्चित अवधिका लागि उपसमितिहरु गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने उपसमितिलाई बाल अधिकार संरक्षण तथा प्रवर्धन सम्बन्धी कार्य गर्न गराउन दीर्घकालीन जिम्मेवारी तोक्न सकिनेछ ।

१५. <u>वडा बाल अधिकार समिति गठन गर्न सक्नेः</u> (१) गाँउपालिकाका प्रत्येक वडामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि देहाय बमोजिमको वडा बाल अधिकार समिति रहनेछः-

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडाले तोकेको महिला सदस्य सहित २ जना वडा सदस्य -सदस्य

(ग) वडा भित्रका माध्यमिक विद्यालयका विद्यालयका प्रधानाध्यापकहरु मध्य १ जना र फोकल शिक्षकहरु मध्य १ जना गरि २ जना -सदस्य

(घ) वडा भित्रका महिला स्वास्थ्य स्वंयमसेवीका, बाल मनोविज्ञ, चिकित्सक वा स्टाफ नर्स गरि ३ जना -सदस्य

(ङ) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बालन्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा एक जना महिला सहित २ जना -सदस्य

(च) वडास्तरीय बाल सञ्जालले मनोनित गरेको कम्तिमा १ बालिका सहित २ जना -सदस्य

(छ) वडा सचिव १ जना -सदस्य–सचिव

(२) पदीय हैसियतमा वडा बालअधिकार समितिमा पदेन सदस्यको रुपमा मनोनित भएका कुनै पनि सदस्य मनोनयनका बखत बहाल रहेको पदमा नरहेमा निज वडा बालअधिकार समितिको सदस्य रहने छैनन् ।

(३) उपदफा (३) बमोजिम वा अन्य कुनै कारणबाट वडा बालअधिकार समितिको सदस्य पद रित्त भएमा सोको यथाशिघ्र पदपूर्ति गरिनेछ ।

तर, त्यस्तो पदपूर्ति नभएकै कारण वडा बालअधिकार समितिको काम कारवाहीमा बाधा पुग्नेछैन ।

१६. <u>वडा बालअधिकार समितिको बैठकः-</u> (१) वडा बालअधिकार समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) वडा बालअधिकार समितिको बैठक महिनामा कम्तीमा एकपटक बस्नेछ । तर, वडा बालअधिकार समितिले आवश्यक ठानेमा जुनसुकै बेला बैठक बस्न सक्नेछ ।

(३) वडा बालअधिकार समितिका सम्पूर्ण सदस्य संख्याको कम्तीमा पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।



... गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

(४)वडा बालअधिकार समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५)वडा बालअधिकार समितिको बैठकमा आवश्यकताअनुसार बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघसंस्थाका प्रतिनिधि एवं पेशागत विज्ञ वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६)वडा बालअधिकार समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गरी अभिलेख राखेछ ।

(७)वडा बालअधिकार समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. **<u>वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः</u>** वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वडामा विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिका, जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना लगायत सबै बालकालिकाको तथ्यांक संकलन, अद्यावधिक र अभिलेखीकरण गर्ने तथा समितिमा पेश गर्ने,

(ख) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत निकाय एवं बालक्लब लगायतका संघ संस्थाहरूको फेहरिस्त तयार पार्ने र यस्ता निकायहरूसँग आवश्यक समन्वय, सहकार्य र साझेदारी गरी बालअधिकारको प्रवर्धनात्मक र संरक्षणात्मक कार्यहरू गर्ने, गराउने,

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी सम्बन्धित निकायहरू र विकासका साझेदार संस्थासँगको समन्वयमा समुदायमा आधारित कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गराउन आवश्यक समन्वय गर्ने,

(घ) बालअधिकारको प्रवर्द्धन तथा बालसंरक्षण र सम्वर्धनका निमित्त चेतना अभिबृद्धि, जागरण अभियान सञ्चालन गर्ने, बालबालिका सम्बन्धी दिवसहरू मनाउने तथा सो सन्दर्भमा बालबालिकाको निम्ति रचनात्मक, सिर्जनात्मक कार्यक्रमहरू गर्ने, गराउने,

(ङ) बालअधिकार हननका सम्बन्धमा आएका सूचना तथा उजुरीहरूलाई सम्वन्धित निकायमा सिफारिस गरी पठाउने तथा बालबालिकाको उद्धार, संरक्षणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने तथा समितिलाई सहयोग गर्ने,

(झ) वडामा बालबालिकासम्बन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति प्रतिवेदन समिति समक्ष पेश गर्ने,

(ञ) समितिसँग आवश्यक समन्वय गरी विशेष संरक्षणका आवश्यकता भएका बालबालिकालाई उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापनाका लागि बाल कोष समेतबाट आवश्यक सहयोग प्रदान गर्नका लागि सिफारिस गर्ने,



काठेखोला गाउँपालिका गाउँपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

(ठ) वडामा रहेका बाल क्लबहरूको क्रियाशिलता तथा व्यवस्थापनका लागि आवश्यक सहजीकरण, सहयोग गर्ने तथा वडाको योजना निर्माणको चरणमा नै बालबालिकाको सहभागिता सुनिश्चित गर्न आवश्यक सहजिकरण गर्ने,

(ढ) वडा बालअधिकार समितिका बैठकका निर्णयहरू एवं सम्पन्न गरिएका सबै काम कारबाहीहरूको अभिलेख दुरूस्त र सुरक्षित राख्ने ।

(ण) वडाभित्र सञ्चालनमा रहेका अस्थायी संरक्षण सेवा, वैकल्पिक हेरचाह प्रदायक संस्थाहरुको अनुगमन गरी सो सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने

(त) वडा भित्रका बालबालिकासँग सम्बन्धित वा सरोकार राख्ने सामाजिक संस्था, सार्वजनिक निकाय, विद्यालय र निजी क्षेत्रमा बाल संरक्षण मापदण्ड लागू गर्ने

## परिच्छेद ४

## बाल क्लब वा संस्था तथा सञ्जाल सम्बन्धी व्यवस्था

१८. <u>**बाल क्लब वा संस्था गठनका लागि सूचना जारी गर्नुपर्नेः-**</u> (१) बाल क्लब वा संस्था गठन गर्न चाहने व्यक्ति, समूह तथा संगठनले बाल क्लब वा संस्था गठन गर्ने औचित्य र कारणहरु समेत स्पष्ट पारी न्यूनतम सात दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अभिभावकहरुलाई खुला सूचना दिनुपर्नेछ ।

(२) यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्वारा बोलिने मातृ भाषाहरुमा समेत दिनुपर्नेछ ।

(३) सूचना उपलब्ध गराउने विधि गाँउपालिका र यसका वडा कार्यालय, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरु, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य चौकी, विद्यालय र पहुँचमा आएका बालबालिकालाई मौखिक रुपमा भेलाका लागि जानकारी दिनु पर्नेछ ।

(४) बाल क्लब वा संस्था गठन गर्ने भेलामा कम्तिमा २५ जना बालबालिका उपस्थित हुनुपर्नेछ ।

(५) विषयगत बाल क्लब वा संस्था गठन गर्दा स्थानिय समुदायमा वा विद्यालयमा जहाँ गठन गर्ने हो त्यसै अनुरुप सूचना गर्ने र भेलाको आयोजना गर्नु पर्नेछ ।

१९. <u>**बाल क्लब वा संस्था दर्ता गरिनेः-**</u> (१) दफा १३ बमोजिमको सूचनाको आधारमा गरिएको भेलाले निर्णय गरी कुनै निश्चित विषय वा क्षेत्रका बालबालिकाका सरोकारहरुमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचारप्रसार र अनुगमन लगायत नियमावलीको नियम ५ मा उल्लेखित कार्यका लागि बालबालिकाले वडा कार्यालयमा बालक्लब वा संस्था दर्ताका लागि अनुसूची-२ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछ ।

(क) प्रस्तावित बाल क्लब वा संस्थाको विधान

(ख) प्रस्तावित बाल क्लब वा संस्था खोल्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनहरुको वडा कार्यालयले आवश्यक जाँचबुझ गरी बालक्लब वा संस्था दर्ता गरी अनुसूची-३ को ढाँचामा प्रमाणपत्र जारी गर्नेछ ।

२०. **विद्यालयमा आधारित बाल क्लब वा संस्था:-** (१)एक विद्यालयमा एक बाल क्लब वा संस्था रहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए भएता पनि विभिन्न उमेर र विषयगत बाल क्लब वा संस्थारु सोही बाल क्लब वा संस्था अन्तर्गत उपसमूहका रुपमा क्रियाशिल हुन सक्नेछन् ।

(३) विद्यालय स्तरका बाल क्लब वा संस्थाको उपसमूह गठन गर्दा देहाय बमोजिमका उमेर समूह तथा विषयगत क्षेत्रका अधारमा छुट्टाछुट्टै गठन गर्न सकिनेछ ।

(क) उमेर समूह

(१) ५ देखि ११ वर्ष,

(२) १२ देखि १५ वर्ष र

(३) १६ देखि १८ वर्ष

(ख) विषयगत क्षेत्र

(१) बाल विवाह,

(२) बाल पोषण, खोप, स्वास्थ्य तथा सरसफाई,

(३) जलवायु परिवर्तन र बालबालिकामाथिको प्रभाव,

(४) बालश्रम

(५) बालबालिका विरुद्धको हिंसा तथा दुर्व्यवहार

(६) बुलिङ र शारिरीक दण्ड र सजाँय

(७) अन्य

(४) उपदफा (१) बमोजिम गठन भएको बाल क्लब वा संस्थामा सम्बन्धित विद्यालयमा अध्ययनरत रहेकामध्ये सबै जातजाति, कक्षा, लिंग र आर्थिक तथा शारीरिक अवस्थाबाट कमजोर बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरेको हुनुपर्नेछ ।

(५) यस दफा बमोजिमको बाल क्लब वा संस्थाको नेतृत्व गर्ने बालबालिका ८ देखि १७ बर्ष उमेर समूहको हुनुपर्नेछ र यसको नेतृत्व र सदस्य सम्बन्धित विद्यालयमा अध्ययनरत बालबालिका नै हुनपर्नेछ ।



काठेखोला गाउँपालिका गाउँपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

(६) विद्यालयमा आधारित बाल क्लब वा संस्था गठन गर्दा विद्यालय भित्र सबै कक्षामा सूचना प्रदान गर्ने एवम् भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नुपर्नेछ ।

२१. **समुदायमा आधारित बाल क्लब वा संस्थाः-** (१) गाँउपालिका भित्रको निश्चित भूगोल भित्रका बालबालिका समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर बालबालिकाले समुदायमा आधारित बालक्लब वा संस्था गठन गरी दर्ता गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको बाल क्लब वा संस्था गाँउपालिकाको कुनै टोल वा बस्ती वा वडा भित्र गठन गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको बालक्लब वा संस्थाले सम्बन्धित भूगोल भित्रका सबै उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकाहरुलाई समेट्ने तथा उनिहरुको उचित प्रतिनिधित्व तथा सहभागिता हुने सुनिश्चित गर्नुपर्नेछ ।

(४) समुदायमा लुकेर रहेका वा समुदायमा पर्याप्त रुपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरुमा आधारित रहेर गठन भएका यस्ता बाल क्लब वा संस्थालाई विषयगत बाल क्लब वा संस्था मानिनेछ ।

(५) यस दफा बमोजिमको बाल क्लब वा संस्थाको नेतृत्व गर्ने बालबालिका ८ देखि १७ बर्ष उमेर समूहको हुनुपर्नेछ र यसको नेतृत्व र सदस्य सम्बन्धित समुदायमा स्थायी बसोबास गर्ने बालबालिका हुनपर्नेछ ।

२२. **विशिष्टीकृत बाल क्लब वा संस्था गठन गर्न सक्ने-**(१) अन्तर्राष्ट्रिय रुपमा नै स्थापित स्वयमसेवा अभियान तथा संगठनहरु, नेपाल सरकार, प्रदेश सरकार र गाँउपालिकाले आफ्नो आवश्यकता अनुसार विशेष प्रकृतिको आफ्नो संस्थागत बाल क्लब वा संस्था गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाल बालक्लब वा संस्थाहरुको गठन र व्यवस्थापन विधि स्वयम् यसका महासंघ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरुबाट सञ्चालित हुन सक्नेछन् ।

(३) अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि अपाङ्गता भएका बालबालिकाले अपाङ्गता भएका बालबालिका मात्र सदस्य रहने गरी र बालिकाले बालिका मात्र सदस्य रहने गरी १५ जनाको भेला मार्फत विद्यालयमा आधारित वा समुदायमा आधारित बालक्लब वा संस्था दर्ता गर्न सक्नेछन ।

२३. **बालक्लब वा संस्थाको नेतृत्व चयनः-** (१) दफा १३ बमोजिमको भेंलामा सहभागी बालबालिकासँगको छलफल र सहमतीको आधारमा देहाय बमोजिम बाल क्लब वा संस्थाको नेतृत्व चयन गर्न सकिने छ ।



गाउँ कार्यपालिकाको कार्यालय
बिहेंकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

(क) बहुपदिय नेतृत्वः- बाल क्लब वा संस्थामा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष, तथा विषयगत संयोजकहरु तय भएको नेतृत्व ।

(ख) चक्रिय नेतृत्वः- बाल क्लब वा संस्थामा निश्चित संख्यामा कार्यसमिति सदस्य रहने र कार्यसमितिबाट एक अध्यक्ष र सचिव तोक्ने । अर्को बैठकमा अहिलेको सचिव अध्यक्ष हुने र कार्यसमितिको कुनै सदस्य सचिव बन्ने । यही प्रक्रिया आगामी बैठकहरुमा दोहोरिदै जाने ।

(ग) संयोजन समूहः- बाल क्लब वा संस्थामा निश्चित संख्यामा संयोजन समूह रहने र बाल क्लब वा संस्थाको कार्यक्रम र बैठक अनुसार संयोजन, अध्यक्षता र प्रतिनिधित्व गर्ने जिम्मेवारी तोक्ने ।

(२) बाल क्लब वा संस्थाको कार्यसमिति संख्या ७ देखि ९ सदस्यीय सम्म बनाउन सकिनेछ ।

(४) बाल क्लब वा संस्थाको नेतृत्व बालिका, दलित समुदाय, अपाङ्गता भएका बालबालिका तथा पछाडी पारिएका बालबालिकाको सहभागिता सुनिश्चित हुनेगरी समावेशिताको आधारमा चयन गर्नुपर्नेछ ।

(५) एकै बालक वा बालिका दुई वा सो भन्दा बढी बाल क्लब वा संस्थाको नेतृत्वमा वस्न पाउने छैन । तर बाल क्लब वा संस्थाका नेतृत्वमा रहेको सदस्य सञ्जालको नेतृत्वमा भने बस्न सक्नेछ ।

(६) समुदायमा आधारित बाल क्लब वा संस्थाको नेतृत्व प्रत्येक २ वर्षमा परिवर्तन गर्नुपर्दछ भने विद्यालयमा आधारित बाल क्लब वा संस्थाको नेतृत्व परिवर्तन प्रत्येक वर्ष गर्नुपर्दछ ।

(७) एकै व्यक्ति बाल क्लब वा संस्थाको पदाधिकारी अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको रुपमा एक कार्यकाल भन्दा बढी समय बस्न सक्ने छैन तर, कार्यसमितिको सदस्य भने बस्न फरक पर्ने छैन ।

(८) बाल क्लब वा संस्थाका सदस्यहरुमाझ नेतृत्व चयनका सन्दर्भमा विवादहरु आएमा निम्नानुसार अभ्यास गर्न सकिनेछः-

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल क्लब वा संस्थालाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटे प्रस्तुती गर्न सक्नेछ ।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरु मात्र छलफल गरी सहमतीमा अग्रसर हुने ।

(ग) नेतृत्वलाई चक्रिय नेतृत्व प्रणालीमा परिवर्तन गर्ने

(घ) उल्लेखित तरिकाबाट विवाद समाधान नभएमा नेतृत्वका लागि सदस्यहरु मध्येबाट मतदान प्रक्रियाबाट चयन गर्नुपर्नेछ र मतदान प्रक्रियाको सहजिकरण संरक्षक शिक्षक वा वयस्क सहजकर्ताबाट गर्नु पर्नेछ ।



काठेखोला गाउँ कार्यपालिकाको ... बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

२४. **पदावधि समाप्त हुने**:- (१) बालक्लब वा संस्था एवम् सञ्जालमा रहने नेतृत्व एवम् सदस्यको पदावधि बालबालिका १८ वर्ष पुरा भएपश्चात स्वतः समाप्त हुनेछ ।

२५. **क्षमता विकास तथा कार्यक्रम सञ्चालन सहायता प्रदान गरिने**:- (१) गाँउपालिकाले बालक्लब वा संस्थालाई बालबालिकाको हक, हित र अधिकारको प्रवर्धन, सिर्जनात्मक गतिविधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने किसिमका कार्यक्रम सञ्चालनका लागि सहयोग गर्नेछ ।

(२) बालक्लब वा संस्थाले उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रमको अवधारणा सहित सहयोगको लागि गाँउपालिकामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनहरुको आधारमा गाँउपालिकाले त्यस्ता कार्यक्रम सञ्चालनको व्यवस्थापन गर्नेछ ।

(४) यस दफा बमोजिम कार्यक्रम सञ्चालनको क्रममा बाल क्लब वा संस्थालाई आर्थिक कारोबार सम्बन्धी व्यवहारमा संलग्न गराइने छैन ।

(५) गाँउपालिकाले दर्ता भएका बाल क्लब वा संस्थाको नेतृत्व विकास एवम् विषयगत क्षमता अभिवृद्धिका लागि आवधिक रुपमा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

२६. **बालक्लब वा संस्था सञ्जाल गठन गर्न सकिने**:-(१) गाँउपालिकामा दर्ता भएका बाल क्लब वा संस्थाहरु एक आपसमा भेला भई एक आपसमा काम र अभियानहरुलाई साथ सहयोग गर्ने तथा एक आपसका सरोकारहरुलाई सामूहिकिकरण गर्न गाँउपालिका स्तरीय एक बाल क्लब वा संस्था सञ्जाल गठन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको सञ्जालहरु प्रत्येक वडामा पनि वडा स्तरीय बाल क्लब वा संस्था सञ्जालको रुपमा दर्ता गर्न सकिनेछ ।

(३) बाल क्लब वा संस्था सञ्जाल गठन गर्दा समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल क्लब वा संस्थाहरु सम्मिलित गरिनेछ ।

(४) बाल क्लब वा संस्था सञ्जाल गठन गर्नका लागि गाँउ र वडा तहमा बाल क्लब वा संस्थाहरूको प्रतिनिधि भेलाको आयोजना गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको भेलामा सञ्जालले समेट्ने क्षेत्रहरु समुदाय, विद्यालय तथा विषयगत रूपमा बालक्लब वा संस्थालाई भेलाको मिति भन्दा ७ दिन अगावै सूचना प्रदान गर्नुपर्नेछ । सूचनामा देहायका विषयवस्तु समेटिएको हुनु पर्नेछः-

(क) भेलाको मिति, समय र स्थान,

(ख) भेलामा छलफल हुने विषयहरू,

(ग) भेलामा आमन्त्रण गरिएको प्रत्येक बाल क्लब वा संस्थाको प्रतिनिधि संख्या (जातजाति, लिंग समेत तय गरिएको भए सो समेत)

(घ) भेलामा सहभागीका लागि उपलब्ध हुने सेवा र सुविधा,

(ङ) भेलामा सहभागीका लागि उपलब्ध नहुने सेवा र सुविधा, र



गाउँपालिकाको कार्यालय कार्यपालिकाको कार्यालय बिरुकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

(च )अन्य आवश्यक विषयवस्तु ।

(६) बाल क्लब वा संस्थाका प्रतिनिधिहरूले भेलामा सहभागी हुन देहायका शर्त पूरा गनु पर्नेछ ।

(क)'आफ्नो बाल क्लब वा संस्थामा छलफल गरी निर्णय गरेको हुनु पर्नेछ, ।

(ख) विद्यालयबाट भेलामा सहभागी हुन तथा सञ्जालको नेतृत्वमा प्रतिस्पर्धा गर्न सहमति दिइएको हुनु पर्नेछ, ।

(ग) समुदायमा आधारित बाल क्लब वा संस्थाको हकमा भेलामा सहभागी हुन तथा नेतृत्वमा प्रतिस्पर्धा गर्न अविभावकको सहमति ।

(७) बाल क्लब वा संस्थाले भेलामा दुई वा सो भन्दा बढी सहभागी माग भएको अवस्थामा बालक, बालिका, दलित समुदाय, अपांगतामा रहेका बालबालिका, यौनिक तथा लैंगिक अल्पसंख्यक तथा पिछडिएका बालबालिकाको सहभागिता सुनिश्चित हुनेगरी समावेशिताको आधारमा चयन गर्नुपर्नेछ ।

(८) सञ्जाल भेलामा सहभागी हुने बाल क्लब वा संस्था प्रतिनिधि उक्त सञ्जालको भौगोलिक क्षेत्रभित्र बसोबास भएको हुनु पर्नेछ ।

(८) बाल क्लब वा संस्था सञ्जालको नेतृत्व चयनका सन्दर्भमा बालबालिका माझ अस्वस्थ प्रतिस्पर्धा हुनबाट रोक्न समझदारीमा नेतृत्व चयनलाई प्राथमिकता दिनुपर्नेछ ।

(९) प्रतिस्पर्धी बालबालिकालाई चक्रिय नेतृत्व, संयोजन समूह वा उपसमितिहरूको गठनबाट विभिन्न जिम्मेवारीहरू प्रदान गरी उनीहरूको भूमिका र सक्रियतालाई सहयोग गर्न सकिनेछ ।

(१०) बालबालिकामाझ हुने प्रतिस्पर्धामा वयस्कहरूको प्रभाव र स्वार्थ तथा चाहना र प्रभावबाट मुक्त राखिनुपर्नेछ ।

## परिच्छेद-५

## बाल संरक्षण सेवा सम्बन्धी व्यवस्था

२७. **सार्वजनिक सूचना जारी गर्ने:-** (१) गाँउपालिकाले बाल संरक्षण सम्बन्धी सेवाहरुको व्यवस्थापनका लागि देहाय बमोजिमको संयन्त्रहरुको सूचीकरणका लागि गाँउपालिकाले ३५ दिनको सार्वजनिक सूचना जारी गर्नेछः-

(क) बालबालिकालाई वैकल्पिक हेरचाहमा संरक्षण सेवा प्रदान गर्न चाहने व्यक्ति वा परिवार

(ख) परिषदबाट सञ्चालन अनुमति प्राप्त परिवारमा आधारित हेरचाह गर्ने संस्था, बालगृह र अस्थायी संरक्षण सेवा

(ग) नेपाल सरकारको स्वीकृतिमा परिषदबाट सञ्चालन अनुमति प्राप्त पुनःस्थापना केन्द्र

(२) उपदफा (१) बमोजिमको संयन्त्रहरुको सूचीकरणका गाँउपालिकाले राष्ट्रिय पत्रपत्रिका वा स्थानीय पत्रपत्रिका वा वेवसाइट वा सूचना पाटीमार्फत सूचना जारी गर्न सक्नेछ ।



गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

२८. **<u>निवेदन दिनुपर्ने:-</u>** (१) दफा २६ (१) अनुसारको व्यक्ति वा परिवारले गाँउपालिकामा सूचीकृत हुनका लागि **अनुसूची-४** बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछः-

(क) सूचीकृत हुनका लागि निवेदन

(ख) नागरिकताको प्रमाणीत प्रतिलिपी

(ग) पारिवारिक सदस्यहरुको विवरण

(घ) घर तथा जग्गा-जमिन सम्बन्धी विवरण

(ङ) वार्षिक आम्दानी, खर्च र बचतको विवरण

(च) आम्दानीको स्रोत

(छ) घरेलु हिंसा, बालबालिका विरुद्धको कसूर तथा नैतिक पतनदेखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको स्व-घोषणापत्र

(ज) शारीरिक र मानसिक समस्या नभएको, दीर्घकालीन उपचार गर्नुपर्ने वा सरुवा रोगबाट संङ्क्रमित नभएको र लागू पदार्थ दुर्व्यशन वा अन्य कूलतमा नलागेको खुलेको मान्यताप्राप्त चिकित्सकबाट सिफारिसपत्र

(२) दफा २७ को सूचना अनुसार दफा २६ को उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमको संयन्त्रहरुले गाँउपालिकामा सूचीकरण हुनका लागि अनुसूची-५ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजातहरु संलग्न गरी निवेदन दिनुपर्नेछः-

(क) सूचीकृत हुनका लागि निवेदन

(ख) संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र

(ग) परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरणको प्रमाण

(घ) पुनःस्थापना केन्द्रको हकमा निर्णयले परिषदबाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरण ।

(ङ) संस्थाको बालबालिका संरक्षण गर्न सक्ने क्षमता र हाल संरक्षणमा रहेका बालबालिकाको विवरण

(३) उपदफा (२) बमोजिम अस्थायी संरक्षण सेवा प्रदायकले आफ्नो विशिष्टिकृत क्षमता अनुसार देहाय बमोजिमका वर्गिकरणको आधारमा निवेदन दिनुपर्नेछः-

(क) लागू पदार्थ दुर्व्यसनी उपचार सहित सडक बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ख) बालबालिका विरुद्धको यौनहिंसा तथा दुर्व्यवहारबाट पीडित र प्रभावित बालबालिकालाई अस्थायी संरक्षण सेवा

(ग) बेवारिसे फेला परेका बालबालिकाको अस्थायी संरक्षण सेवा



गाउँ कार्यपालिकाको कार्यालय काठेखोला गाउँपालिका बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

(घ) जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिकाको उद्धार पछिको अस्थायी संरक्षण सेवा

(ङ) बाह्य देशबाट उद्धार गरिएका, वेचविखन तथा ओसारपारमा परेका बालबालिकालाई उद्धार पछिको अस्थायी संरक्षण सेवा

(च) मापदण्ड विपरित सञ्चालनमा रहेका वैकल्पिक स्याहारबाट उद्धार गरिएका बालबालिकाको पुनःस्थापना नभएसम्मका लागि अस्थायी संरक्षण सेवा

(४) उपदफा (१) र (२) बमोजिमको निवेदन दर्ता गर्दा गाँउपालिकाले आवश्यक शुल्क लिन सक्नेछ ।

२९. **<u>बाल संरक्षण संयन्त्रको सूचीकरणः-</u>** (१) बाल कल्याण अधिकारीले यस कार्यविधिको दफा २३ को उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदनहरुको लेखाजोखा गरी उपदफा (३) बमोजिमको वर्गिकरणको आधारमा कुन किसिमको सूचीकरण गर्न उपयुक्त रहे नरहेको व्यहोरा खुलाई स्थानीय बाल अधिकार समिति समक्ष लेखाजोखा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनका आधारमा स्थानीय बाल अधिकार समितिको निर्णयले निवेदक बाल संरक्षण संयन्त्रहरुको सूचीकरण गर्नेछ ।

(३) स्थानीय बाल अधिकार समितिमा सूचीकृत भएपश्चात गाँउपालिकाले अनुसूची-६ बमोजिमको ढाँचामा सूचीकृत संस्थालाई सूचीकरणको पत्र उपलब्ध गराउनेछ ।

**स्पष्टीकरणः-** सम्बन्धित गाँउपालिकामा कार्यरत बालगृह, अस्थायी संरक्षण सेवा प्रदायक संस्था वा बालगृह संघ वा प्रदेशमा सूचीकृत भएको भए सोही पत्रको प्रतिलिपि राखी गाँउपालिकाले सोझै सूचीकृत गर्न सक्नेछ ।

३०. **<u>बाल संरक्षण सेवाको सूची वार्षिक अद्यावधिक गरिनेः-</u>** (१) दफा २४ बमोजिम सूचीकृत भएका बाल संरक्षण सेवा प्रदायकहरुबाट प्रत्येक आर्थिक वर्षको असार ३० गतेसम्ममा आगामी आर्थिक वर्षको लागि गाँउपालिकामा सूचीकरण हुन चाहनेहरुबाट सूचीकरण अद्यावधिकका लागि परिपत्रमार्फत वा इमेलमार्फत वा सूचनामार्फत दफा २३ को उपदफा (२) बमोजिमको कागजात संलग्न गरी आवेदन माग गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको आवेदनको आधारमा यस कार्यविधिको दफा ३० बमोजिमको अनुगमन टोलीले अनुगमन गरी सिफारिस सहितको अनुगमन प्रतिवेदन स्थानीय बाल अधिकार समित समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको अनुगमन प्रतिवेदनको सिफारिस र बाल अधिकार समितिको निर्णयको आधारमा गाँउपालिकाले बाल संरक्षण संयन्त्रहरुको सूचीकरण अद्यावधिक गर्नेछ ।

३१. **<u>अस्थायी संरक्षण सेवाको लागि अनुदान उपलब्ध गराउन सक्नेः-</u>** (१) दफा २४ बमोजिम सूचीकृत भएका अस्थायी संरक्षण सेवा प्रदायक संस्थासँग गाँउपालिकाले वार्षिक कार्यसम्पादन सम्झौता गरी



गाउँ कार्यपालिकाको कार्यालय, बिहादी, बागलुङ, गण्डकी प्रदेश, नेपाल

गाँउपालिकाले उद्धार गरी अस्थायी संरक्षण लगायतको संरक्षण सेवाको लागि सिफारिस गरिएका बालबालिकालाई नियमावलीको नियम ६८ को उपदफा (३) बमोजिमको सेवा प्रदानका लागि प्रति बालबालिका प्रति महिना प्रमाणित हाजिरीको आधारमा रु. ८ हजार उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुदान उपलब्ध गराउँदा गाँउपालिकाले त्यस्ता सेवा प्रदायक संस्थाले प्राप्त गर्ने अनुदानमा संघ वा प्रदेशबाट समेत अनुदान प्राप्त भए नभएको सम्बन्धमा दोहोरोपना नभएको एकीन गर्नुपर्नेछ ।

३२. **समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति गर्ने:-** (१) समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ ।

(२) नियमावलीको नियम ८३ बमोजिम नियुक्त समाजसेवी तथा बालमनोविज्ञको सेवाको शर्त देहाय बमोजिम हुनेछ:-

(क) अधिकारबाट वञ्चित भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बाबुआमा र परिवारको स्थिति, हेरचाह तथा पालनपोषणको वर्तमान अवस्था र सम्भाव्य स्थितिको आधारमा बालबालिकाको उचित सहायता र व्यवस्थापनका लागि प्रतिवेदन पेश गर्ने,

(ख) बालबालिकालाई प्रदान गर्नुपर्ने संरक्षण सेवा प्रवाहमा उच्चतम हित लेखाजोखा सम्बन्धी प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारी समक्ष पेश गर्ने,

(ग) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहको प्रवन्ध गर्ने क्रममा इच्छुक परिवारका सदस्य वा नातेदार तथा व्यक्तिको लेखांजोखा गरी सामाजिक लेखाजोखा प्रतिवेदन पेश गर्ने

(घ) बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थापनको क्रममा बालबालिकाको सर्वोत्तम हित हुनेगरी बाल कल्याण अधिकारीलाई राय/परामर्श उपलब्ध गराउने,

(ङ) बालबालिकाको पारिवारिक पुनर्मिलन गराउने क्रममा पारिवारिक लेखाजोखा सम्बन्धी प्रतिवेदन उपलब्ध गराउने

(च) गाँउपालिकाले तोकेका अन्य कार्यहरु सम्पादन गर्ने

(३) गाँउपालिकाले नियुक्त गरिएको समाजसेवी तथा बालमनोविज्ञलाई उपदफा (२) बमोजिमको कार्यसम्पादनका लागि घटनाको प्रकृति तथा घटना व्यवस्थापन गर्न लाग्ने अनुमानित समयको आधारमा प्रति घटना रु. ३ हजार देखि ५ हजार सम्म बाल अधिकार समितिले निर्णय गरी उपलब्ध गराउन सक्नेछ ।

३३. **बाल हेल्पलाइन सेवा (१०९८) सँग समन्वय र सहकार्य गरिने:-** (१) बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा प्रभावित भएका र जोखिममा परेका बालबालिकाको उद्धार, अस्थायी संरक्षण,

मनोविमर्श तथा कानूनी सहयोगका लागि गाँउपालिकाले बाल हेल्पलाइन सेवा (१०९८)सँग समन्वय र सहकार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बाल हेल्पलाइन सेवासँग समन्वय र सहकार्यका लागि बाल अधिकार समितिले सूचना पाटी वा वेवसाइट वा परिपत्रमार्फत बाल हेल्पलाइन सेवा सञ्चालन अनुमति प्राप्त संस्थाबाट सहकार्यका लागि देहायका कागजातहरु संलग्न गरी सूचनामार्फत आवेदन माग गर्न सक्नेछः-

(क) सहकार्यका लागि निवेदन

(ख) परिषदबाट जारी भएको बाल हेल्पलाइन सेवा सञ्चालन अनुमतिपत्रको प्रतिलिपी

(ग) संस्था दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि

(घ) गत दुई आ.व. को लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

(३) उपदफा (२) बमोजिमको सूचना जारी गर्दा आगामी आर्थिक वर्षको वजेट तथा कार्यक्रम निर्माण प्रकृया शुरु हुनुभन्दा पहिले नै ३५ दिनको म्याद दिई सूचना जारी गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्राप्त आवेदनको आधारमा गाँउपालिकाले बाल हेल्पलाइन सेवाको सवलीकरणका लागि वार्षिक कार्यक्रम तथा वजेटको व्यवस्था गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम व्यवस्था गरिएको कार्यक्रम तथा वजेटमार्फत बाल हेल्पलाइन सेवा सञ्चालक संस्थासँग वार्षिक कार्यसम्पादन सम्झौता गरी गाँउपालिकाले उद्धार गरेका उपदफा (१) मा उल्लेख भए बमोजिमका बालबालिकाको अस्थायी संरक्षण लगायतको संरक्षण सेवाको व्यवस्थापन लगायत देहायका प्रयोजनका लागि प्रति बालबालिका प्रति महिना प्रमाणित हाजिरीको आधारमा गाँउपालिकाले रु. ८ हजार उपलब्ध गराउन सक्नेछः-

(क) खाद्यान्न, औषधी उपचार, ग्याँस

(ख) तत्काल राहत सहयोग

(ग) मनोविमर्श सेवा

(घ) कानूनी परामर्श सेवा

(ङ) लत्ता कपडा, सिरक, डस्ना

(च) घरभाडा

(छ) बालबालिकाको पारिपारिक पुनर्मिलन तथा लेखाजोखाको क्रममा लाग्ने दैनिक भ्रमण तथा यातायात खर्च



गाउँ कार्यपालिकाको कार्यालय
बिहादी गाउँपालिका
बिहुकोट, बाग्लुङ
गण्डकी प्रदेश, नेपाल

३४. **बालबालिका खोजतलास सेवा (१०४) सँग समन्वय र सहकार्य गरिने**:-(१) हराएका, वेवारिसे फेला परेका, बेचविखन तथा ओसारपसारमा परेका, सडकमा आश्रित तथा जोखिमपूर्ण कार्यमा संलग्न बालबालिकाको खोजी, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यका लागि बाल अधिकार समितिले बालबालिका खोजतलास सेवा (१०४) सँग समन्वय र सहकार्य गर्नेछ ।

(२) बालबालिका खोजतलास सेवाको सबलीकरणका लागि गुल्मी जिल्लामा सञ्चालनमा रहेको बालबालिका ;खोजतलास समन्वय केन्द्र (१०४) को प्रभावकारिता अभिवृद्धिका लागि वार्षिक कार्यक्रममार्फत सहकार्य गर्न सक्नेछ ।

## परिच्छेद – ६

## बालमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धी व्यवस्था

३५. **बालमैत्री स्थानीय शासन लागू गर्ने**: (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन लागू गर्नेछ ।

(२) गाउँपालिकाले बालमैत्री स्थानीय शासन लागू गर्दा संघ तथा प्रदेश सरकारले लागू गरेका बाल बालिका सम्बन्धी प्रचलित कानुनसँग नबाझिने गरी लागू गर्नेछ ।

(३) बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि ५ वटा विषयक्षेत्रहरु बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता र बाल अधिकारका लागि संस्थागत विकासमा तोकिएको उपलब्धीका लागि कार्य गरिनेछ ।

(४) गाउँपालिकाले बालमैत्री स्थानीय शासन लागू गर्दा अनुसूची ७ मा उल्लेख गरिएका सूचकहरु प्राप्तिका लागि प्रतक्ष योगदान गर्ने कार्यक्रमहरु गर्नुपर्ने छ ।

३६. **बालमैत्री स्थानीय शासन सहजीकरण**: गाउँपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि सहजीकरण गाउँपालिकामा गठन हुने बाल अधिकार समिति र बालमैत्री स्थानीय शासन पालिका/वडा र समुदाय समितिहरुले गर्नेछ ।

३७. **बालमैत्री स्थानीय शासन कार्यान्वयनको योजना तयार गर्ने**: (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्नेछ ।

(२) बालमैत्री स्थानीय शासनका लागि अलग्गै रणनीतिक योजना तयार गरी लागू गर्नु पर्नेछ । तर गाउँपालिकाको आवधिक विकास योजनामा समावेश गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(३) बालमैत्री स्थानीय शासनको वार्षिक योजना गाउँपालिकाको वार्षिक योजनामा समावेश गरी कार्यान्वयन गर्नु पर्नेछ ।

३८. **<u>बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि जनशक्ति व्यवस्था:</u>** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्नेछ ।

(२) बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक जनशक्ति व्यवस्थापन हुन नसकेमा पालिकाका कर्मचारीलाई थप जिम्वेवारी दिई काममा लगाउन सक्नेछ ।

३९. **<u>क्षमता विकासको व्यवस्था:</u>** गाउँपालिकाले बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, सम्बन्धित समितिहरुको क्षमता विकास तालिम तथा अन्य कार्यक्रमको व्यवस्था गर्नेछ ।

४०. **<u>बालमैत्री स्थानीय तह वा वडा घोषणा गर्ने:</u>** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयन गरी अनुसूची ८ बमोजिमका सूचकहरुमा भएको प्रगति मापन गरी बालमैत्री स्थानीय तह वा वडा घोषणा गर्नेछ ।

(२) बालमैत्री स्थानीय तह वा वडा घोषणापश्चात सोको दिगोपनका लागि अलग्गै रणनीतिक योजना तर्जुमा गरी लागू गर्नु पर्नेछ ।

४१. **<u>बालमैत्री स्थानीय शासनका सूचकको बार्षिक मापन:</u>** (१) गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयन गरेपश्चात हरेक वर्ष सूचकहरुमा भएको प्रगति मापन मापन गरी सुधार तथा दिगोपनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमका सूचकहरु मापन तथा कार्ययोजना तयार गर्दा विज्ञता तथा निष्पक्षता कायम गर्न सम्बन्धित विषयमा अनुभवी बाह्य परामर्शदाताको उपयोग गर्नुपर्ने छ ।

४२. **<u>बालमैत्री स्थानीय शासन सम्बन्धी वस्तुस्थिति विवरण र स्थिति पत्र तयार गर्ने:</u>** गाउँपालिकाले बालमैत्री स्थानीय शासन सम्बन्धी हरेक वर्ष अनुसूची ९ बमोजिम वस्तुस्थिति विवरण तयार गर्नुपर्ने छ ।

४३. **<u>बालमैत्री स्थानीय शासन सम्बन्धी प्रतिवेदन पेश गर्नुपर्ने:</u>** गाउँपालिकाले बालमैत्री स्थानीय शासन सम्बन्धी हरेक त्रैमासिकमा गाउँ कार्यपालिकामा र वार्षिक रुपमा प्रदेश सरकार समक्ष पेश गर्नुपर्ने छ ।

## परिच्छेद-७
## <u>बाल संरक्षण सेवाको अनुगमन</u>

४४. **<u>अनुगमन टोली गठन गरिने:</u>** (१) गाँउपालिकामा बालबालिकाको संरक्षण र संरक्षण सेवा प्रदान गरिरहेका बाल संरक्षण संयन्त्र तथा सेवा प्रवाहको अवस्था अनुगमनका लागि बाल अधिकार समिति अन्तर्गत रहनेगरी देहाय बमोजिमको तीन सदस्यीय अनुगमन टोली रहनेछः-

(क) बालअधिकार समितिको संयोजकले तोकेको बाल अधिकार समितिको सदस्य -संयोजक



गाउँ कार्यपालिकाको कार्यालय बिहुकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

(ख) बालकल्याण अधिकारी - सदस्य

(ग) गाँउपालिकामा सूचीकृत समाजसेवी वा बालमनोविज्ञ - सदस्य

(२) उपदफा (१) बमोजिमको अनुगमन टोलीमा आवश्यकता अनुसार घटनाको प्रकृति एवम् गाम्भीर्यताका आधारमा विषय विज्ञ एक जनालाई बाल अधिकार समितिको संयोजकको अनुमति लिई सामेल गराउन सक्नेछ । संयोजकले आवश्यकता अनुसार स्थानीय प्रहरीलाई अनुगमनमा सहभागी गराउन सकिनेछ ।

४५. **अनुगमन गर्ने अवधि र समयः-** (१) अनुगमन टोलीले अनुगमन योजना बनाई नियमित रुपमा गाँउपालिकाभित्र सञ्चालनमा रहेका बाल संरक्षण संयन्त्रहरुको अनुगमन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन योजना बनाउँदा यस कार्यविधिको परिच्छेद-५ बमोजिम सूचीकृत भएका संयन्त्रहरुको तथा बाल संरक्षण एक आर्थिक वर्षमा कम्तिमा तीन पटक अनुगमन गर्नेगरी बढीमा ४ महिनाभित्रमा एक चरणको अनुगमन सम्पन्न गर्ने गरी बनाउनुपर्नेछ ।

तर कुनै विशेष परिस्थिति वा उजुरी वा सूचनाका आधारमा आवश्यकता अनुसार तत्काल जुनसुकै अवधि र समयमा अनुगमन टोलीले अनुगमन गर्न सक्नेछ ।

(३) बाल संरक्षण संयन्त्रहरुको अनुगमन गर्दा सकेसम्म विहान वा बेलुकीको समयमा गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समयमा अनुगमन गर्न सम्भव नभएमा सेवा प्रदायक संस्था र संरक्षण सेवा लिइरहेका बालबालिकासँग भेट हुनेगरी समय मिलाई अनुगमन गर्नुपर्नेछ ।

४६. **अनुगमन गरिने बाल संरक्षण संयन्त्र तथा सेवाहरुः-** (१) अनुगमन टोलीले देहायको बाल संरक्षण संयन्त्रहरुमा रहेका बालबालिका र मापदण्डको कार्यान्वयन सम्बन्धी अवस्थाको अनुगमन गर्नेछः-

(क) वैकल्पिक हेरचाह सेवा प्रदान गरिरहेका बालबालिकाको आफन्त वा नातेदार र गाँउपालिकामा सूचीकृत व्यक्ति वा परिवार,

(ख) गाँउपालिकामा सूचीकृत परिवारमा आधारित हेरचाह गर्ने संस्था तथा बालगृह

(ग) गाँउपालिकामा सूचीकृत अस्थायी संरक्षण सेवा

(घ) गाँउपालिकासँग सहकार्यरत बाल हेल्पलाइन सेवा (१०९८)

(२) उपदफा (१) मा उल्लेखित संयन्त्रहरुमा संरक्षणमा रहेका बालबालिका बाहेक बालसुधारगृह भित्र सञ्चालनमा रहेको विद्यालय सहित गाँउपालिकाभित्र सेवा प्रदान गर्ने विद्यालय, स्वास्थ्य संस्था लगायतका संयन्त्रहरुबाट प्रवाह भएको सेवाहरु बालमैत्री रहेको वा नरहेको अनुगमन टोलीले गर्नुपर्नेछ ।

४७. **अनुगमनका लागि पूर्व सूचना दिनुपर्नेः-** (१) दफा ३२ बमोजिमको बाल संरक्षण सेवाहरुको अनुगमन गर्दा अनुगमन पूर्व सम्बन्धित सेवा प्रदायकहरुलाई अनुगमन गरिने मिति र समयको बारेमा कुनै पनि सञ्चारमाध्यमबाट पूर्व सूचना दिइनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुगमन टोलीले कुनै उजुरी वा सूचनाको आधारमा जानकारी नदिइ नै आकस्मिक अनुगमन गर्न सक्नेछ ।

४८. **अनुगमन गरिने मूख्य विषयहरुः-** (१) यस कार्यविधिको दफा ३२ उपदफा (१) को खण्ड (क) बमोजिमको वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था अनुगमन गर्दा देहाय बमोजिमको विषयहरुको अनुगमन गर्नुपर्नेछः-

(क) बालबालिकासँग पारिवारिक सदस्यहरुको व्यवहार

(ख) बालबालिकाको मनोसामाजिक सहित स्वास्थ्य अवस्था

(ग) बालबालिकाको संरक्षणको अवस्था

(घ) परिवारिक वातावरण सौहार्द रहे-नरहेको

(ङ) पारिवारिक आर्थिक अवस्था

(च) बालबालिकाको शैक्षिक अवस्था

(छ) बालबालिका खुसी रहे नरहेको

(ज) अनुगमन टोलीले आवश्यक ठानेका अन्य आवश्यक विषयहरु

(२) यस कार्यविधिको दफा ३२ उपदफा (१) को खण्ड (ख) बमोजिमको वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था तथा संस्थाको मापदण्ड अनुगमन गर्दा देहाय बमोजिमको विषयहरुको अनुगमन गर्नुपर्नेछः-

(क) नियमावलीको नियम ६४ तथा परिषदबाट जारी भएको बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अनुसारको देहाय बमोजिमको मापदण्ड पुरा गरे-नगरेको,

१. भौतिक पूर्वाधार तथा संरचना सम्बन्धी मापदण्ड
२. आवश्यक जनशक्तिको व्यवस्था सम्बन्धी मापदण्ड
३. आर्थिक स्रोतको व्यवस्था सम्बन्धी मापदण्ड
४. बालबालिकाको भर्ना प्रक्रिया सम्बन्धी मापदण्ड
५. बालबालिकाको भोजन तथा पोषण सम्बन्धी मापदण्ड
६. बालबालिकाको स्वास्थ्य र सरसफाइ सम्बन्धी मापदण्ड
७. शिक्षा, तालीम र अतिरिक्त क्रियाकलाप सम्बन्धी मापदण्ड
८. बाल संरक्षण, बालमैत्री वातावरण र आत्मसम्मानको सुनिश्चितता सम्बन्धी मापदण्ड



गाउँ कार्यपालिकाको कार्यालय बिहुकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

९. बाल क्लब गठन, सञ्चालन र बाल सहभागिता सम्बन्धी मापदण्ड

(ख) संरक्षणमा रहेका बालबालिका ऐनको दफा ४९ बमोजिमको वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका रहे-नरहेको

(३) यस कार्यविधिको दफा ३२ उपदफा (१) को खण्ड (ग) बमोजिमको अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको अवस्था तथा संस्थाको मापदण्ड अनुगमन गर्दा देहाय बमोजिमको विषयहरुको अनुगमन गर्नुपर्नेछः-

(क) नियमावलीको नियम ६८ को उपदफा (३) बमोजिमको सेवाहरुमध्ये बालबालिकाको घटनाको प्रकृति र समाजसेवी तथा बालमनोविज्ञको प्रतिवेदनले अस्थायी संरक्षण सेवा प्रवन्ध गर्ने क्रममा सिफारिस गरेका आवश्यकता अनुसारका सेवाहरु बालबालिकाले प्राप्त गरे नगरेको

(ख) परिषदबाट जारी भएको बाल गृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अनुसारको बालमैत्री भौतिक पुर्वाधार, जनशक्तिको व्यवस्था, आर्थिक स्रोतको व्यवस्था, बालबालिकाको भर्ना प्रकृया सम्बन्धी विषयहरु

(४) अनुगमन गर्दा संरक्षणमा रहेका बालबालिकाको जन्मदर्ता वा नागरिकता भए नभएको र नभएको भएमा सो को लागि सहजीकरण गरे नगरेको, बालबालिकाको व्यक्तिगत घटना फाइलहरु छुट्टा छुट्टै राखी व्यवस्थित अभिलेखीकरणं गरे नगरेको विषय अनिवार्य,समावेश गर्नुपर्नेछ ।

४९. <u>**विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्था अनुगमनः-**</u> (१) अनुगमन टोलीले कार्य योजना बनाई गाँउपालिकामा रहेका वैकल्पिक हेरचाहको आवश्यकता नभएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको अवस्थाको बारेमा अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बालबालिकाको अनुगम्मन गर्दा बालबालिकाले उचित संरक्षण नपाएको देखिएमा ;देहाय बमोजिमको सेवाहरुको सुनिश्चितताका लागि बाल अधिकार समितिले सहजीकरण गर्नेछः-

(क) प्रचलित कानून बमोजिम सामाजिक सुरक्षाको दायरामा पर्ने बालबालिकाको सामाजिंक सुरक्षाको व्यवस्था

(ख) पारिवारिक परामर्श तथा सहयोग गर्नुपर्ने बालबालिकाको लागि सो को व्यवस्था

(ग) पहिचानको अधिकारबाट वञ्चित भएका बालबालिकाको अधिकार कार्यान्वयनको लागि सहयोग

(घ) अनुगमनका क्रममा तत्काल उद्धार गर्नुपर्ने अवस्था देखिएमा स्थानीय प्रहरीसँगको सहकार्यमा उद्धार गरी अस्थायी संरक्षण सम्बन्धी व्यवस्था

(घ) अनुगमन टोलीले पहिचान गरेका अन्य सहयोगको व्यवस्था



काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

५०. **बाल हेल्पलाइन सेवा (१०९८) को अनुगमनः-** (१) अनुगमन टोलीले यस कार्यविधि बमोजिम सहकार्यमा रहेको बाल हेल्पलाइन सेवा (१०९८) को अनुगमन गर्न सक्नेछ ।

**कुनै संस्थाले भोलीका दिनमा १०९८ संचालन गर्न चाहेमा राखिएको अहिले आवश्यकता नभएको पनि हुन सक्छ । यो हटाउन सकिन्छ**

(२) उपदफा (१) बमोजिमको अनुगमन गर्दा मन्त्रालयबाट स्वीकृत भई जारी भएको बाल हेल्पलाइन सञ्चालनसँग सम्बन्धित कार्यविधिमा उल्लेख भएको सेवाको शर्त र मापदण्ड अनुसार सञ्चालनमा रहे-नरहेको र यस कार्यविधिको दफा २८ बमोजिमको गाँउपालिकासँगको वार्षिक कार्यसम्पादन सम्झौता अनुसार कार्यसम्पादन गरे नगरेको अनुगमन आवश्यकता अनुसार अनुगमन टोलीले गर्नेछ ।

५१. **दिशान्तर प्रक्रियामा रहेका बालबालिकाको सुधारको अवस्था अनुगमनः-** (१) अनुगमन टोलीले ऐनको दफा २९ को उपदफा (१) को खण्ड (च) बमोजिम बालकल्याण अधिकारीको सुपरीवेक्षण र निर्देशंनमा रहने गरी दिशान्तर गर्दा छाडिएका बालबालिकाको सुधार सम्बन्धी देहायका विषयहरुको प्रत्येक चार चार महिनाको तुलनात्मक अवस्था अनुगमन गर्नेछः-

(क) मनोसामाजिक लगायत स्वास्थ्यको अवस्था

(ख) व्यवहार

(ग) कम्तिमा विगत तीन महिनाको दैनिक कार्यतालिका

(घ) खानपान

(ङ) औपचारिक वा अनौपचारिक शिक्षाको अवस्था

(च) सीपमूलक तालिम

(छ) बालबलिकाको भावी योजना

(२) उपदफा (१) बमोजिमको तुलनात्मक अनुगमनको अवस्थाको आधारमा गाँउपालिकाभित्र दिशान्तर प्रकृया अन्तर्गत पुनःस्थापनाका लागि छाडिएका बालबालिकाको व्यवहार र सुधारको अवस्थाको सम्बन्धी प्रतिवेदन अनुगमन टोलीले स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नेछ ।

५२. **अनुगमन टोलीले पालना गर्नुपर्ने आचारसंहिताः-** (१) समितिले दफा ३० बमोजिम अनुगमन टोली गठन गर्दा अनुगमन टोलीले पालना गर्नुपर्ने आचारसंहिता समेत स्वीकृत गरी लागू गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको न्यूनतम आचारसंहिता देहाय बमोजिमको हुनेछः-

(क) बालबालिकालाई बालसंवेदनशील प्रक्रिया र व्यवहार (बोली, व्यवहार, शैली र विधिहरू) अपनाउने ।

(ख) बालबालिकासँग कुराकानी गर्दा के विषयमा कुरा गर्न लागेको हो सो को जानकारी गराउने तथा सहमती लिने ।

(ग) बालबालिकालाई त्रास, भय, मानसिक तथा शारीरिक पीडा रहित वातावरणको सूनिश्चितता गर्ने ।

(घ) अनुगमनका क्रममा देखिएका वा संकलन गरिएका कानुनी प्रमाण र सम्बन्धीत तथ्यलाई सुरक्षित राख्ने ।

(ङ) सानो उमेरका, शारीरिक तथा मानसिक अपाङ्गता भएका, बिरामी र घाइते अवस्थाका बालबालिकासँग छलफल गर्दा उनीहरूको विशेष र थप संवेदनशीलतालाई ख्याल गर्नुपर्ने ।

(च) बालबालिकाको गोपनीयता कायम गर्न उच्च सर्तकता अपनाउने,

(छ) अनुगमनको क्रममा सञ्चार माध्ययमहरुमा आउने वा आउनसक्ने समाचारहरुमा बालसंवेदनशीलताको सूनिश्चित गर्न विशेष ध्यान दिने ।,

(ज) अनुगमनसँग सम्बन्धीत आवश्यक प्रमाणहरुको लागि बालबालिका तथा संरक्षकको सहमतिमा फोटो, भिडियोहरु खिचेर सुरक्षित गर्ने ।

(झ) अनुगमनको क्रममा बालबालिकालाई कुटपिट, गाली, दुर्व्यवहार वा असहज हुने कुनै पनि कार्य नगर्ने ।

(ञ). बालबालिकासँग यौनजन्य शव्दको प्रयोग, इसारा, वार्तालाप वा क्रियाकलाप नगर्ने ।

(ट) बालबालिकाको इच्छा विपरीत हात मिलाउने, उनीहरूलाई छुने लगायतका व्यवहार वा कार्य नगर्ने ।

(ठ) बालबालिकासँग तोकिएको सुरक्षित स्थान बाहेक अनुगमनको क्रममा एक्ला-एक्लै भेटघाट गर्ने तथा एकान्तमा नबस्ने ।

(ड) कुनै पनि परिस्थितिमा बालबालिकाको सम्पत्ति, पारिवारिक अवस्था, चरित्र, निज बालबालिका वैकल्पिक स्याहारमा आउनु पर्नाका कारण र निजलाई हिनताबोध वा ग्लानी हुने खालका विवरण कुनै पनि माध्यमबाट सार्वजनिक नगर्ने, नगराउने ।

(ढ) बाल अधिकार समितिले आवश्यक ठानेका अन्य विषयहरु,

५३. **अनुगमन खर्च व्यवस्थापनः**- (१) यस कार्यविधि बमोजिमको अनुगमन कार्यका लागि अनुगमनकर्ताको भ्रमण भत्ता, खाना, खाजा र यातायात खर्चको व्यवस्थापन गाँउपालिकाको वार्षिक कार्यक्रममार्फत गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको वजेट विनियोजन नभएमा वा वजेट अपर्याप्त भएमा ऐनको दफा ६३ बमोजिम गाँउपालिकामा स्थापना भएको बालकोषबाट बाल अधिकार समितिको सिफारिसमा गाँउपालिकाले यस सम्बन्धी खर्चको व्यवस्थापन गर्न सक्नेछ ।



काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

५४. **अनुगमन कार्य प्रकृया:-** (१) बाल अधिकार समिति वा अनुगमन टोलीले यस कार्यविधि बमोजिमको अनुगमन कार्य गर्दा देहाय बमोजिमको प्रकृयामार्फत अनुगमन गर्न सक्नेछः

(क) सम्बन्धित संयन्त्रहरुबाट प्राप्त आवधिक प्रतिवेदन अध्ययन (मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक)

(ख) सूचना प्रणाली

(ग) प्रत्यक्ष अनुगमन भ्रमण

(घ) सञ्चार मार्फत अनुगमन

(२) प्रत्यक्ष भ्रमण गरी अनुगमन कार्य गर्दा सम्बन्धित भौतिक संरचनाको निरीक्षण, सेवा प्रदायक व्यक्ति वा संस्थाका सञ्चालकहरुसँगको छलफल, बालबालिकासँगको प्रत्यक्ष कुराकानी, छिमेकी वा समाजसेवीसँगको छलफल लगायतका प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

५५. **अनुगमन प्रतिवेदन र कारवाही:-** (१) यस कार्यविधि बमोजिम अनुगमन गरिएका बाल संरक्षण सेवाहरुको अनुगमन टोलीले अनुसूची १० बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन निर्माण गरी प्रतिवेदनमा अनुगमन टोलीका सबै सदस्यहरुले हस्ताक्षर गरी बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) प्रतिवेदन निर्माणका लागि बाल संरक्षण सेवाहरुको अनुगमन गर्दा अनुसूची-६ बमोजिमको अनुगमन चेकलिस्टमा अनुगमन गर्दाका बखत नै विवरणहरु अभिलेखीकरण गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन अध्ययन गरी बाल अधिकार समितिले प्रतिवेदनले सुझाएका विषयहरुको सम्बोधन गर्नेछ ।

(४) प्रतिवेदनमा परिवारमा आधारित संस्था वा बालगृह वा अस्थायी संरक्षण सेवा वा बाल हेल्पलाइन सेवाले मापदण्ड पुरा नगरेको पाइएमा बढीमा २ महिनासम्मको अवधि दिई मापदण्ड पुरा गर्नका लागि बाल अधिकार समितिले निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्देशन पालना भए नभएको विषयको अनुगमनका लागि तोकिएको अवधि सम्पन्न भए पश्चात अनुमन टोली वा बाल अधिकार समिति आफैंले अनुगमन गर्न सक्नेछ र उक्त अवधिमा समेत निर्देशन पालना नभएको पाइएमा त्यस्ता बाल संरक्षण सेवा प्रदायकहरुको सञ्चालन, अनुमति खारेजीका लागि देहाय बमोजिमको कागजातहरु संलग्न गरी परिषदमा सिफारिस गर्नेछः

(क) सञ्चालन अनुमति खारेजीका लागि सिफारिस पत्र

(ख) बाल अधिकार समितिको निर्णयको प्रतिलिपि

(ग) अनुगमन प्रतिवेदन

(६) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदनका आधारमा बाल संरक्षण सेवा प्रदायकमा बालबालिका विरुद्धको कसूर भएको पाइएमा अनुगमन प्रतिवेदनले गरेको सिफारिस समेतका आधारमा त्यस्ता व्यक्ति वा संस्थालाई कानूनी कारवाहीका लागि सम्बन्धित निकायमा स्थानीय बाल अधिकार समितिले उजुरी दिन सक्नेछ ।

(७) यस दफा बमोजिमको अनुगमन प्रतिवेदनहरुको आधारमा वैकल्पिक हेरचाहमा भएका रहेका बालबालिकाको संरक्षण, हेरचाह, शिक्षा तथा स्वाँस्थ्यको अवस्था लगायतको विषयहरु समावेश भएको एकिकृत प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक चार चार महिनामा बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, परिषद् तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम बाल अधिकार समितिले प्राप्त गरेको एकिकृत प्रतिवेदनका आधारमा कुनै बालबालिकाले वैकल्पिक स्याहार प्रदायकबाट उचित संरक्षण नपाएको देखिएमा नियमावलीको नियम ६१ बमोजिम सम्बन्धित व्यक्ति वा संस्थालाई कारवाहीका लागि वा संरक्षक परिवर्तनका लागि सम्बन्धित निकायमा निवेदन दिनेछ ।

## परिच्छेद ७
## बाल कोष सम्बन्धी व्यवस्था

५६. **बालकोषको स्थापना**:- (१) गाँउपालिका क्षेत्रभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण सेवा, स्वास्थ्य उपचार, शैक्षिक प्रवन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना समेत गराउने कामका लागि एक ऐनको दफा ६२ बमोजिमको बाल कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) संघ, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,
(ख) गाँउपालिकाले कोषको लागि विनियोजन गरेको रकम,
(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,
(घ) स्वदेशी संघसंस्था वा व्यक्तिबाट प्राप्त रकम,
(ङ) न्यायिक समितिबाट बालबालिका विरूद्ध हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,
(च) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) दफा (२) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) कोषको रकम देहायका कामको लागि उपयोग गरिनेछः-



काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न, गराउन,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार गर्न,

(ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षण गर्न वा अस्थायी संरक्षण सेवाको प्रवन्ध गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको शैक्षिक प्रवन्ध, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न, गराउन,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवारको खोजी गर्न, परिवार सुदृढीकरण गर्न, बालबालिकालाई परिवारमा पुनर्मिलन तथा पुनःस्थापना गर्न, गराउन,

(च) यस कार्यविधिको परिच्छेद-६ बमोजिमको बाल संरक्षण सेवाको अनुगमन सम्बन्धी कार्य गर्न

(छ) अदालतको आदेशानुसार स्थानीय तहभित्रका बालबालिकालाई क्षतिपूर्ति दिन

(ज) खण्ड (क) देखि (छ) मा उल्लेखित कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न, गराउन ।

(५) समितिको बैठक भत्ता, खाजा, भ्रमण, मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन ।

तर उपदफा ४ बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातको प्रयोग लगायतका अत्यावश्यकीय कार्यमा रकम खर्च गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन ।

५७. **बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिः** (१) बाल कोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक स्थानीय बाल कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछः-

(क) गाँउपालिका उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) लेखा प्रमुख - सदस्य

(घ) स्थानीय बाल अधिकार समितिका सदस्यमध्ये समितिले तोकेको १ जना– सदस्य

(ङ) बाल कल्याण अधिकारी - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

५८. **बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ-

(क) तत्कालीन समयमा स्थानीय तहभित्र आपत्कालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका स्थानीय बाल संरक्षण समिति, गाउँ बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति



काँडेझैला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बिहुँकोट, बागलुङ, गण्डकी प्रदेश, नेपाल

लगायतका नाममा रहेका बाल कोषहरुको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बाल कोषमा जम्मा गर्ने गराउने,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापन गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक क्रियाकलापहरु सञ्चालन गर्ने,

(ग) कोषको रकमको संरक्षण गर्ने

(घ) कोष बृद्धिको लागिं स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने,

(ङ) सहयोगको आवश्यकता भएका बालबालिकालाई दफा ४६ को उपदफा (४) बमोजिमको बाल कोषको प्रयोग र दफा ५१ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्ने ।

(च) बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुकसंघसंस्था वा व्यक्तिसँग समन्वय गर्ने ।

(छ) बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिबाट गरिने क्रियाकलापको अनुगमन गर्ने वा गराउने

(ज) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको निम्ति बाल कोष सञ्चालक तथा व्यवस्थापन समितिले आवश्यक ठानेको अन्य उपयुक्त कार्य गर्ने, गराउने ।

(२) आफ्नो काम, कर्तव्य तथा अधिकारको परिपालना गर्दा बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिले गाँउपालिकाको गाँउ बालअधिकार समिति, वडा बालअधिकार समिति एवं बालअधिकार तथा बालसंरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक सङ्घसंस्था वा व्यक्तिसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ ।

५९. <u>बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिको बैठकः</u> (१) बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिको बैठक बस्नु भन्दा कम्तिमा २४ घण्टा अगाडि समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

(४) बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिको कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।



गाउँ कार्यपालिकाको कार्यालय, बिहादी, बागलुङ, गण्डकी प्रदेश, नेपाल

(५) बाल कोष सञ्चालल तथा व्यवस्थापन समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

तर कुनै कारणवश अध्यक्ष उपस्थित हुन नसकेमा बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिका जेष्ठ सदस्यले बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिको अध्यक्षता गर्नेछ ।

(६) बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिले सर्वसम्मतिका आधारमा निर्णय गर्नेछ र सर्वसम्मत नभएमा बहुमतको निर्णय मानिनेछ ।

तर सदस्यहरूको मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) बैठकमा आमन्त्रित व्यक्ति वा विशेषज्ञको मताधिकार हुनेछैन ।

(८) बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राखुपर्नेछ ।

(९) बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिको बैठकसम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

६०. **बालकोष परिचालन सम्बन्धी मापदण्डः**

(१) गाँउपालिकाभित्र विशेष संरक्षणको आवश्यकता भएका सहयोग गर्नुपर्ने बालबालिकाको बारेमा थाहा पाउने जो कोहीले वडा बालअधिकार समिति वा गाँउ बाल अधिकार समिति समक्ष निवेदन दिन वा मौखिक रुपमा जानकारी गराउन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि वडा बालअधिकार समिति वा गाँउ बालअधिकार समितिले आवश्यक सोधपुछ गरी यथार्थ विवरण पत्ता लगाउने छन् ।

(३) उपदफा (२) बमोजिमको प्रक्रिया पूरा गरेपछि विशेष संरक्षणको आवश्यकता भएको बालबालिकालाई सहयोग आवश्यक छ भन्ने देखिएमा वडा बालअधिकार समिति वा यस कार्यविधिको दफा ४६ को उपदफा (३) बमोजिमको बालकोष सञ्चालक तथा व्यवस्थापन समितिमा जानकारी गराउनेछ ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएमा वा सहयोगको सिफारिस भै आएमा बालकोष सञ्चालन तथा व्यवस्थापन समितिको बैठक बोलाउन सक्नेछन् ।

(५) उपदफा (४) बमोजिमको बैठकबाट बालबालिकालाई कुन किसिमको सहयोगको आवश्यकता हो एकीन गरी दफा ५१ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्न सक्नेछ ।

**स्पष्टीकरणः-** गाँउपालिकामा आएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई स्थानीय बालकोष सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयबाट सहयोग उपलब्ध गराईनेछ ।



गाउँ कार्यपालिकाको कार्यालय बागलुङ गण्डकी प्रदेश, नेपाल

६१. **बाल कोष रकमको खर्च सीमा:** (१) बाल कोषको रकम देहायको अवस्था र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछ:-

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि वार्षिक एक पटक अधिकतम रू.१२ हजारसम्म,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण सहित मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च वापत सूचीकृत अस्थायी संरक्षण सेवा प्रदायक संस्थासँग कार्यसम्पादन सम्झौता गरी प्रति बालबालिका प्रति महिना मासिक रू. ८ हजारसम्म,

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षण वापत वार्षिक एक पटक अधिकतम प्रति बालबालिका रू. १० हजारसम्म,

(घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकेको क्षतिपूर्ति रकम,

(ङ) गम्भीर प्रकृतिको रोग लागेका बालबालिकाको उपचारका लागि स्थानीय बालकोष सञ्चालन तथा व्यवस्थापम समितिको निर्णयले अधिक्तम रु. २५ हजारसम्म

(२) सहयोग रकम नगद वा जिन्सीका रुपमा दिन सकिनेछ र नगद सहयोग गर्दा चेक मार्फत सहयोग रकम भुक्तानी गरिनेछ ।

(३) स्थानीय बालकोषबाट सामान्यतः एक बालक वा बालिका वा उनको परिवारलाई एकपटक मात्र सहयोग गरिनेछ ।

तर, विशेष परिस्थितिमा भने समितिको निर्णयले थप दुई पटकसम्म सहयोग गर्न सकिनेछ ।

(४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्दार, संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा र तत्काल स्थानीय बालकोष संचालन तथा व्यवस्थापन समितिको वैठक बस्न सम्भव नभएमा उपलब्ध समितिका सदस्यहरु मध्ये दुईजनासँग परामर्श गरी निजहरूको सिफारिसमा अध्यक्षले कोषबाट तत्काल सम्बन्धित बालबालिकाको निमित्त रु. १०,०००।- दश हजारसम्म सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कोषबाट रकम उपलब्ध गराइएकोमा त्यसपछि लगत्तै बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनुपर्नेछ ।

(६) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भएता पनि गम्भीर स्वास्थ्य समस्या भएका बालबालिकाको स्वास्थ्य उपचारको लागि अन्यत्रबाट व्यवस्थापन हुन नसक्ने देखिएमा र पारिबारिक आर्थिक पृष्ठभूमी कमजोर रहेको वा वेवारिसे बालबालिका रहेको पाइएमा तथा सहयोगबाट वञ्चित हुँदा बालबालिकाको जिवन नै जोखिममा पर्ने अवस्था रहेको



काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

देखिएमा स्थानीय बालकोष सञ्चालक समितिले बालबालिका उपचाररत रहेको सरकारी अस्पतालको कागजात र विल भरपाईको आधारमा सम्पूर्ण वास्तिविक खर्च नै उपलब्ध गराउन सक्नेछ ।

(७) स्थानीय बालकोष सञ्चालन तथा व्यवस्थापन समितिले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्दार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, शैक्षिक प्रवन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलनका निमित्त आर्थिक सहयोग बाहेकका अन्य कार्यका निमित्त अलग्गै मापदण्ड बनाउन सक्नेछ ।

६२. **खाताको सञ्चालनः-**(१) स्थानीय बालकोषको रकम कोष तथा लेखा नियन्त्रण कार्यालयको विविध खाता अन्तर्गत कार्यक्रमिक खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खाताको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

६३. **कोषको लेखा र लेखा परीक्षणः-** (१) स्थानीय बाल कोषको आयव्ययको लेखा गाँउपालिकाले अपनाएको प्रचलित कानून बमोजिम दुरुस्त राखिनेछ ।

६४. **रकम फ्रिज नहुनेः-** प्रचलित कानूनमा जेसुकै लेखिएको भएता पनि स्थानीय बाल कोष आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहेमा बक्यौता रकम फ्रिज हुनेछैन ।

६५. **प्रतिवेदन प्रकाशन गर्नुपर्नेः-** (१) स्थानीय बाल कोष सञ्चालन तथा व्यवस्थापन समितिले आफूले गरेको कामको प्रतिवेदन अर्धवार्षिक रूपमा गाँउ कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनहरुको आधारमा गाँउ कार्यपालिकाले वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

६६. **बालकोषको सचिवालयः-** स्थानीय बाल कोषको सचिवालय गाँउ कार्यपालिकाको महिला बालबालिका तथा सामाजिक विकास शाखामा रहनेछ ।

## परिच्छेद-८
## बालबालिकाको तथ्याङ्क व्यवस्थापन तथा स्थिती प्रतिवेदन

६७. **बालबालिकाको खण्डिकृत तथ्याङ्क व्यवस्थापन गरिनेः** (१) गाँउपालिकाले आफ्नो गाँउपालिका भित्र रहेका बाल अधिकार तथा बालबालिका सम्बन्धी विषयमा देहाय बमोजिमको खण्डिकृत सूचना संकलन तथा व्यवस्थापन गर्नेछः-

(क) बाल अधिकारको कार्यान्वयनका लागि कानूनी तथा नीतिगत व्यवस्थाहरुको सूचना संकलन

(ख) बाल अधिकार संरक्षण सम्बन्धी संयन्त्रहरुको सूचना

गाउँ कार्यपालिकाको कार्यालय बिहकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

(ग) चालु आ.व.को बजेट बक्तव्यमा बालबालिकाको लागि भएको व्यवस्था सम्बन्धी विवरण

(घ) बालबालिकाको खण्डिकृत जनसांखिक विवरण

(ङ) बालबालिकाको नागरिक अधिकार र स्वतन्त्रता सम्बन्धी विवरण

(च) बालबालिका विरूद्धको हिंसा, दुर्व्यवहार सम्बन्धी विवरण

(छ) बालबालिकाको पारिवारिक संरक्षण सम्बन्धी विवरण

(ज) अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण

(झ) बाल स्वास्थ्य सम्बन्धी विवरण

(ञ) बालबालिकाको शिक्षा सम्बन्धी विवरण

(ट) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका सम्बन्धी विवरण (ऐनको दफा ४८ बमोजिमका)

(ठ) वैकल्पिक स्याहारमा रहेका बालबालिकाको विवरण

(ड) स्थानीय तहमा रहेका बालगृह, पुनःस्थापना केन्द्र र अस्थायी संरक्षण सेवा केन्द्रहरु र आश्रित बालबालिकाको विवरण

(ढ) सडक बालबालिका सम्बन्धी विवरण

(ड) बालबालिका लक्षित लागु पदार्थ दुर्व्यसनी उपचार र पुनर्स्थापना केन्द्र तथा लाभान्वित बालबालिकाको विवरण

(ढ) विपदबाट पीडित तथा प्रभावित बालबालिकाको विवरण

(२) उपदफा (१) बमोजिमको सूचना संकलन तथा व्यवस्थापनका लागि बाल कल्याण अधिकारीलाई जिम्मेवार बनाइनेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना संकलन तथा व्यवस्थापनका लागि गाँउपालिकाको सम्बन्धित विषयगत शाखा तथा महाशाखा, नेपाल प्रहरी तथा परिषद् लगायतका सरोकारवालाहरुसँग समन्वय गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको सूचना तथा तथ्याङ्क व्यवस्थित अभिलेखीकरणका लागि परिषद्ले निर्माण गरेको बाल अधिकार सूचना व्यवस्थापन प्रणाली (CRIMS) को प्रयोग गरिनेछ ।

(५) उपदफा (१) बमोजिमको तथ्याङ्कहरुको प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र र असार मसान्तभित्र गरी दुई पटक अद्यावधिक गरिनेछ ।

(६) बालकल्याण अधिकारीले यस दफा बमोजिम संकलन गरिएको तथ्याङ्कहरुको एकिकृत प्रतिवेदन प्रत्येक आर्थिक वर्षको अन्त्यमा सथानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

६८. <u>बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापन गरिने:</u> (१) गाँउपालिकामा आएका बाल संरक्षण सम्बन्धी घटनाहरुको व्यवस्थापन सम्बन्धी सूचनाहरुको अभिलेखीकरण गरिनेछ ।



गाउँ कार्यपालिकाको कार्यालय, बिहुँकोट, बागलुङ, गण्डकी प्रदेश, नेपाल

(२) उपदफा (१) बमोजिमका घटनाहरुको व्यवस्थापन प्रकृयालाई अनलाइन माध्यमबाट अभिलेखीकरण गर्नका लागि परिषद्ले निर्माण गरेको बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी सूचना प्रणाली (CPIMS) को प्रयोग गरिनेछ ।

(३) गाँउपालिकाका आएका बालसंरक्षण सम्बन्धी घटनाहरु बालकल्याण अधिकारीसमक्ष प्राप्त हुने वित्तिकै त्यस्ता बालबालिकाको घटना व्यवस्थापन प्रकृया सम्बन्धी देहाय बमोजिमका सूचनाहरुको अभिलेखीकरण गरिनेछः-

(क) बालबालिकाको व्यक्तिगत विवरण

(ख) बालबालिकाको पारिवारिक विवरण

(ग) घटना सम्बन्धी विवरण

(घ) बालबालिका तथा पारिवारिक लेखाजोखा सम्बन्धी विवरण

(ङ) बालबालिकालाई प्रदान गरिएको सेवा प्रवाह सम्बन्धी विवरण

(च) सहयोगका लागि सिफारिस गरिएका संयन्त्र तथा सेवाहरुको विवरण

(छ) समापन गरिएका घटनाहरुको विवरण

(४) उपदफा (३) बमोजिमको विवरणका आधारमा प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक आर्थिक वर्षको अन्त्यमा स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

६९. **बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन प्रकासन गरिनेः-** (१) दफा ६५ तथा दफा ६६ बमोजिम स्थानीय बाल अधिकार समितिमा प्राप्त तथ्याङ्कहरुको आधारमा स्थानीय बाल अधिकार समितिले गाँउपालिकामा बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय प्रतिवेदन प्रकासन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्रमा प्रकासन गर्नुपर्नेछ ।

(३) उपदफा(१)बमोजिमको प्रतिवेदन प्रकासन गर्नुपूर्व कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद-९
## विविध

७०. **स्रोतको व्यवस्थापनः** गाँउपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ।

७१. **प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई गाँउपालिकाले उचित पुरस्कार प्रदान गरी प्रोत्साहन गर्न सक्नेछ

७२. **व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार:** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार समितिको अध्यक्षलाई हुनेछ।

७३. **संशोधन गर्न सक्ने:** यस कार्यविधिलाई गाँउ कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

७४. **खारेजी र बचाउ:** बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारको कानूनसंग यो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछ ।

७५. **यसै कार्यविधि बमोजिम भए गरेको मानिने:** गाँउपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्वर्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिहुकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

## अनुसूची १

कार्यविधीको दफा ५ (त) संग सम्वन्धित

अनाथ वेवारिसे वा स्याहार संरक्षण गर्ने बाबु आमा नभएको बालबालिका सम्बन्धी सूचना

श्री बाल कल्याण अधिकारी/ .................. प्रहरी कार्यालय,

........................ गाउँपालिका, ........ जिल्ला ।

विषयः वेवारिसे अवस्थामा बालबालिका फेला परेकोले उद्धार तथा संरक्षणार्थ प्रस्तुत गरेको ।

महोदय,

.............. जिल्ला ........................ पालिका वडा नं ... मिति ................. बारका दिन ....... बजेको समयमा बेवारिस अवस्थामा रहेको देहायबमोजिमको विवरणको बालक/बालिका फेला परेको हुनाले निजको तत्काल उद्धार तथा संरक्षणको व्यवस्था गरिदिन हुन यो निवेदन पेश गरेको छु ।

तपसिल

| क सं | शिर्षक | विवरण |
|---|---|---|
| १ | फेला परेको बालक/बालिकाको नाम थर | |
| २ | हुलिया | |
| ३ | उचाइ | |
| ४ | उमेर | |
| ५ | लिङ्ग | |
| ६ | शारिरीक अवस्था | |
| ७ | सक्षमता | |
| ८ | बालक/बालिका सम्बन्धी थाह हुन आएको अन्य कुरा | |

फेला पार्ने व्यक्तिको नामः

ठेगानाः

सम्पर्क नं

हस्ताक्षरः

## अनुसूची २

दफा १९ (१) संग सम्वन्धित

### बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ताको निवेदन ढाँचा

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
काठेखोला गाउँपालिका, बागलुङ ।

विषयः बाल क्लब/संस्था/सञ्जाल दर्ता गरी पाउँ ।,

महोदय,

उपरोक्त सम्बन्धमा बागलुङ जिल्ला काठेखोला पालिका वडा नं...... ............... टोल स्थित बालक्लब/संस्था/सञ्जाल दर्ता गरी बाल अधिकारको प्रवर्धन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न हामी ........ जना सम्मिलित हुनेगरी ......................................... नामक बाल क्लब/संस्था/सञ्जाल दर्ता गर्न इच्छुक भई देहाय बमोजिमको कागजात संलग्न गरी बालबालिका सम्बन्धी नियमावली को नियम ४ को उपनियम (१) बमोजिम उल्लेखित बाल क्लब/संस्था/सञ्जाल दर्ता गरिदिनु हुन अनुरोध छ ।

**संलग्न गरिएका कागजातहरु**

१) बाल क्लब/संस्था/सञ्जाल आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण

२) बाल क्लब/संस्था/सञ्जाल दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

३) बाल क्लब/संस्था/सञ्जालको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

४) बाल क्लब/संस्था/सञ्जालको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण।

दस्तखतः
नामः
पदः
सम्पर्क नं.

काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

## अनुसूची ३

दफा १९ (२) संग सम्वन्धित

बाल क्लब/संस्था/सञ्जाल दर्ता प्रमाणपत्रको नमुना

काठेखोला गाउँपालिका

बागलुङ

गण्डकी प्रदेश, नेपाल

बाल क्लब/संस्था/सञ्जाल दर्ता प्रमाण पत्र

दर्ता नं

दर्ता मितिः

श्री ............................... बाल क्लब/संस्था/सञ्जाल

ठेगाना ................................

बागलुङ जिल्ला काठेखोला गाउँपालिकाको ................. ................ टोल/विद्यालय/बालगृह/बालग्राममा गठन भएको ................ .............. बाल क्लब/संस्था/सञ्जाललाई यस काठेखोला गाउँपालिकामा दर्ता गरी बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०८३ को परिच्छेद..............दफा.............ले व्यवस्था गरे अनुसार बाल क्लब/संस्था/सञ्जाल दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण, संवर्धन तथा विकास कार्यमा नेपालको सविधान, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगाएत बालबालिका सम्बन्धी विद्यमान कानुनहरुको अधीनमा रही यस गाउँपालिकाको बालमैत्री अभियानमा यहाँहरुको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं ।

प्रमाणित गर्ने

नामः

पदः

दस्तखतः

नवीकरण पृष्ठ

संस्था नवीकरण विवरण

| गत आर्थिक वर्ष | बालबालिकाको विवरण | | | तलका विवरण पेश भएको/नभएको | | | नवीकरण हुने आर्थिक वर्ष | नवीकरण भएको मिति | आधिकारिक दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | प्रगति विवरण | आर्थिक विवरण | वार्षिक साधारण सभा र बैठकहरु | | | |
| | | | | | | | | | |

## अनुसूची ४

दफा २८ उपदफा (१) संग सम्वन्धित

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
काठेखोला गाउँपालिका, बागलुङ ।

विषयः सूचिकृत गरी पाँउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा................ प्रदेश ............. जिल्ला........ गा.पा./न.पा. ...................... वडा नं. ...... गाउँ/टोलः ............ बस्ने नाति/नातिनी ...................... को छोरा/छोरी म ....................... ले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि स्थानीय तहमा सूचिकृत भई बालबालिकाको संरक्षण गर्न ईच्छुक भएको हुँदा कार्यविधीको नियम २८ बमोजिम देहायका कागज संलग्न राखि यो निवेदन पेश गरेको छु ।

**संलग्न गरिएका कागजातहरु**

१.
२.
३.
४.

दस्तखतः
नामः
ठेगानाः
सम्पर्क नं.

## अनुसूची ५

दफा २८ उपदफा (२) संग सम्वन्धित

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,

काठेखोला गाउँपालिका, बागलुङ ।

विषयः सूचिकृत गरी पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं...... ...............टोलमा रहेको यस ........ ......... .......................... संस्थाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि ......... ......... .........तहाँ स्थानीय तहमा सूचिकृत भई बालबालिकाको संरक्षण गर्न ईच्छुक भएको हुँदा कार्यविधीको नियम २८ बमोजिम देहायका कागज संलग्न राखि यो निवेदन पेश गरेको छु ।

संलग्न गरिएका कागजातहरु

१.
२.
३.
४.
५.

दस्तखतः

नामः

पदः

सम्पर्क नं.

संस्थाको छापः

## अनुसूची ६

दफा २९ उपदफा (३) संग सम्वन्धित

काठेखोला गाउँपालिका
बागलुङ
गण्डकी प्रदेश, नेपाल

### संस्था सूचिकरणको प्रमाण पत्र

सूचिकरण नं
सूचिकरण मितिः
श्री ................ ............... संस्था
ठेगाना ............ .................

बागलुङ जिल्ला काठेखोला गाउँपालिकाको वडा नं ................. ................ मा रहेको ................ ............... संस्थालाई काठेखोला गाउँपालिकामा सूचिकररण गरी यस पालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०८३ को दफा ९९ को उपदफा (३) ले व्यवस्था गरे अनुसार सचिकरण गरि प्रमाण पत्र प्रदान गरिएको छ ।

बालबालिकाको संरक्षणमा बालबालिका सम्बन्धी ऐन, २०७५ लगाएत बालबालिका सम्बन्धी विद्यमान कानूनको अधीनमा रही बालबालिकाको संरक्षणमा उल्लेखनिय भूमिकाको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने
नामः
पदः
दस्तखतः

अनुसूची – ७

दफा ३५ (४) संग सम्वन्धित

बालमैत्री स्थानीय शासनका सूचकहरु र न्यूनतम प्रगति प्रतिशत

| क्र सं | सूचक | आधार अवस्था | हालको अवस्था | न्यूनतम् प्रतिशत | प्राप्ताङ्क | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| क | बाल बचाऊ | | | | | |
| १ | गर्भवती महिलाहरुले कम्तीमा प्रसूति पूर्व चार पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछन् । | | | ९५ | | |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनेछन् । | | | ९५ | | |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आइरन चक्की (जम्मा २२५ वटा) खाएको हुनेछन् । | | | ९५ | | |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन् । | | | ८० | | |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएको हुनेछन् । | | | ८० | | |
| ६ | ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक मिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । | | | १०० | | |
| ७ | एक वर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | | | १०० | | |
| ८ | एचआइभि संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन् । | | | १०० | | |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | | | १०० | | |
| १० | कम तौल, पुड्कोपन र ख्याउटेपन हुने पाँच वर्षमुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | | ८० | | |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या न्यून भएको हुनेछ । | | | १०० | | |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | | | १०० | | |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | | | १०० | | |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेको तथा वडा/गाउँपालिका खुला दिसामुक्त घोषणा भएको हुनेछ । | | | १०० | | |



काउँखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिहिकोट, बाग्लुङ गण्डकी प्रदेश

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ख | बाल संरक्षण | | | १०० | | |
| १५ | ५ वर्षमुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ। | | | १०० | | |
| १६ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पूनर्स्थापना भएको हुनेछ। | | | १०० | | |
| १७ | गाउँपालिका बाल विवाहमुक्त भएको हुनेछ। | | | १०० | | |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका बिरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दूर्व्यवहारमा कमी आएको हुनेछ। | | | ८० | | |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ। | | | १०० | | |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ। | | | ९५ | | |
| २१ | गाउँपालिका/समुदायले १४ वर्षमुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेको हुनेछ। | | | १०० | | |
| २२ | गाउँपालिकामा सडक बालबालिकाको सङ्ख्या शून्य भएको हुनेछ। (सडक बालबालिका भएमा उनीहरुलाई बालगृहमा राखी व्यवस्थापन भएको हुने)। | | | १०० | | |
| २३ | गाउँपालिकामा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन्। | | | १०० | | |
| २४ | कूलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछ। | | | १०० | | |
| ग | बाल विकास | | | १०० | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भै टिकाउ दर सत प्रतिशत रहेको हुनेछ। (फरक क्षमता भएको बालबालिकाहरुको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | | | १०० | | |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका सत प्रतिशत बालबालिकाले आधारभूत शिक्षा (कक्षा १ देखि ८ सम्म) पुरा गरेका हुनेछन्। | | | १०० | | |
| २७ | प्रत्यक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ। | | | १०० | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २८ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गमैत्री र सरक्षित भएको हुनेछन् । | | | १०० | | |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | | | १०० | | |
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग विसर्जन गर्ने व्यवस्था गरेको हुनेछन् । | | | १०० | | |
| घ | बाल सहभागित | | | | | |
| ३१ | गाउँपालिकामा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशिल (न्यूनतम् वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेको हुनेछन् । | | | ९५ | | |
| ३२ | गाउँपालिकाका बस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लव गठन भै क्रियाशिल (न्यूनतम् वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेको हुनेछन् । | | | ९५ | | |
| ३३ | कक्षा ५ भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहेको हुनेछ । | | | १०० | | |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव/सञ्जालको प्रतिनिधित्व रहनेछ । | | | १०० | | |
| ३५ | गाउँपालिकामा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | | ९० | | |
| ३६ | बालभेलाबाट माग भई आएका योजनाहरु गाउँपालिकाको योजनामा समावेश भएको हुनेछ । | | | १०० | | |
| ङ | संस्थागत विकास | | | | | |
| ३७ | गाउँपालिका, वडा र वस्तीस्तरमा बाल अधिकार समिति वा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशील रहेको हुनेछन् । | | | १०० | | |
| ३८ | गाउँपालिकाले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हुनेछन् । | | | १०० | | |
| ३९ | गाउँपालिका/वडामा कम्तीमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । | | | ८० | | |
| ४० | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा गाउँपालिकाको विकास योजना र बालबालिकाका लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । | | | १०० | | |



काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४१ | गाउँपालिकाको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ। | | | १०० | | |
| ४२ | गाउँपालिकामा बालबालिका सम्बन्धी स्थिति पत्र तयारी तथा प्रकाशन र अध्यावधिक भएको हुनेछ। | | | १०० | | |
| ४३ | प्रारम्भिक बाल विकास केन्द्रहरुले गाउँपालिकाले तोकेका मापदण्ड पुरा गरेका हुनेछन्। | | | १०० | | |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुका लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन्। | | | १०० | | |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुको जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमुलक तालिम) प्राप्त गरेका हुनेछन्। | | | ८० | | |
| ४६ | गाउँपालिकामा रहेका प्रह्री कार्यालयहरुमा बालमैत्री कक्ष र बालमैत्री सम्पर्क इकाई रहेको हुनेछ। | | | १०० | | |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु गाउँपालिकाले तोकेको न्यूनतम् मापदण्डअनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन्। | | | १०० | | |
| ४८ | गाउँपालिकाको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ। | | | १०० | | |
| ४९ | बस पार्क, सिनेमाहल, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानीको व्यवस्था भएको हुनेछ। | | | १०० | | |
| ५० | गाउँपालिकाको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता संवोधन गरेन प्रावधान समावेश भएको हुनेछ। | | | १०० | | |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ। | | | १०० | | |

गाउँपालिका कार्यालय
बागलुङ, नेपाल

अनुसूची – ८

दफा ४० (१) संग सम्वन्धित

गाउँपालिकाको स्तर वर्गीकरणका आधारहरु

| स्थानीय तहको वर्गीकरण | आधारभुत सूचक | घोषणाको स्वीकृति दिने निकाय | कैफियत |
|---|---|---|---|
| बालमैत्री वडा | ८०% वा सोभन्दा बढी | वडा समितिको सिफारिसमा कार्यपालिकाको बैठक | ८०% वा सोभन्दा बढी |
| बालमैत्री उन्मुख वडा | ७०% देखि ७९% सम्म | वडा प्रतिवेदनको आधारमा कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री स्थानीय तह | ८०% वा सोभन्दा बढी | प्रदेश सरकार | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री उन्मुख स्थानीय तह गापा/नपा) | (७०% देखि ७९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तह | ५०% देखि ६९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री तटस्थ स्थानीय तह | ५०% भन्दा कम | बालमैत्री स्थानीय शासन अवलम्बन नगरेको स्थानीय तह | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |

## अनुसूची – ९

दफा ४२ (१) संग सम्वन्धित

बालमैत्री स्थानीय शासन गाउँपालिका वस्तुगत विवरणको खाका

(क) प्रोफाइलको कभरपृष्ठ

(ख) गाउँपालिका/नगरपालिकाको नक्सा

(ग) मन्तव्य (आवश्यक भएमा)

### १. गाउँपालिका/नगरपालिकाको परिचय

१.१ गाउँपालिका/नगरपालिकाको भौगोलिक अवस्थिति

१.२ हावापानी, भू-उपयोग

१.३ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

१.४ गाउँपालिका/नगरपालिकाको आर्थिक अवस्था

१.५ गाउँपालिका/नगरपालिकाका बासिन्दाहरूको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था

१.६ विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरू

### २. बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र

२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

२.२ विद्यमान ऐन नियममा बालबालिकासम्बन्धी भएको व्यवस्था

२.३ जिल्ला, नगर तथा गाउँस्तरीय योजनामा बालबालिकासम्बन्धी भएको व्यवस्था

२.४ बाल समूह वा बाल क्लबहरू

२.५ बालमैत्री गाउँपालिकाको अवधारणा

२.६ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

२.७ बाल अधिकार (बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता)

२.८ बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरू

२.९ बालमैत्री सुशासनयुक्त गाउँपालिकाको स्थापनाका लागि अवसर र सम्भावनाहरू

### ३. जनसंख्या

३.१ उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

३.२ मातृभाषाका आधारमा जनसंख्या

३.३ जनसंख्या वृद्धिदर

काठेखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङ गण्डकी प्रदेश, नेपाल

३.४ जन्म दर्तासम्बन्धी विवरण

३.५ बाल विवाहको अवस्था

३.६ परिवार संख्या र प्रतिपरिवार औसत बालबालिका संख्या

**४. बाल तथा मातृ स्वास्थ्य**

४.१ सुरक्षित मातृत्व कार्यक्रम

४.२ खोप लगाउने बालबालिकासम्बन्धी विवरण

४.३ बालबालिकामा पोषणको स्थिति

४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरू र तिनको उपचार व्यवस्था

४.५ परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण

४.६ प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा २ पटक स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरूको विवरण

४.७ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको विवरण

४.८ नियमित रूपमा तौल लिइएका बालबालिकासम्बन्धी विवरण

४.९ भिटामिन "ए" तथा जुकाको औषधि खाएका बालबालिकासम्बन्धी विवरण

४.१० आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवारसम्बन्धी विवरण

४.११ सार्वजनिक तथा निजी चर्पी र सरसफाईसम्बन्धी विवरण

४.१२ खानेपानीको स्रोत तथा उपलब्धतासम्बन्धी विवरण

**५. शैक्षिक अवस्था**

५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

५.२ शैक्षिक संस्थाहरूको विवरण

५.३ छात्रछात्राको विवरण

५.४ विद्यार्थी भर्ना दर

५.५ कक्षा दोहोऱ्याउने विद्यार्थीसम्बन्धी विवरण

५.६ छात्रवृत्ति प्राप्त विद्यार्थी विवरण

५.७ तहगत रूपमा कुल शिक्षकसम्बन्धी विवरण (शिक्षक शिक्षिका विवरण)

५.८ शिक्षकको तालिमसम्बन्धी विवरण

५.९ गाउँपालिकास्तरमा विद्यार्थी र शिक्षकको अनुपात

५.१० विद्यालयमा खानेपानीको सुविधा

५.११ छात्रछात्राको लागि शौचालयको व्यवस्था

५.१२ कक्षा कोठा, फर्निचर, खेल मैदानसम्बन्धी विवरण

५.१३ विद्यालय जान लाग्ने समय

५.१४ विद्यालय जान छोड्नेहरूसम्बन्धी विवरण

५.१५ बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

**<u>६. बाल संरक्षण</u>**

६.१ द्वन्द्व पीडित तथा जोखिममा परेका बालबालिकासम्बन्धी विवरण

६.२ विस्थापित बालबालिकासम्बन्धी विवरण

६.३ बालश्रमिकसम्बन्धी विवरण

६.४ बाल यौन शोषण तथा बेचबिखनसम्बन्धी विवरण

६.५ सडक बालबालिकाको विवरण

६.६ कुलतमा लागेका बालबालिकाको विवरण

६.७ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

६.८ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

६.९ जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण

६.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

**<u>७. आर्थिक विकास</u>**

७.१ पेशा तथा रोजगारीको अवस्थासम्बन्धी विवरण

७.२ युवा रोजगारीसम्बन्धी विवरण

७.३ रोजगारीका लागि विदेशमा गएकाहरूको विवरण

७.४ दैनिक कार्य घण्टा विवरण (महिला, पुरुष)

**<u>८. प्रकोप तथा शान्ति सुरक्षा</u>**

८.१ प्रकोपको विवरण

८.२ प्रकोपबाट भएको क्षतिको विवरण

८.३ बाल अपराधको विवरण

## अनुसूची – १०

दफा ५५ (१) संग सम्वन्धित

बालबालिकाको स्थिति विवरणको ढाँचा

प्रतिवेदनको कभरपृष्ठ

जिल्ला /गाउँपालिका /नगरपालिकाको नक्सा

मन्तव्य (आवश्यक भएमा)

### भाग १ परिचय

१.१ गाउँपालिका /नगरपालिकाको चिनारी

१.२ बालमैत्री स्थानीय शासनको अवधारणा

१.३ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासनको आवश्यकता

१.४ बालबालिका सम्वन्धी विधमान ऐन कानूनहरू

१.५ बालमैत्री स्थानीय शासनका अवसर चुनौति र समस्याहरू

### भाग २ बालबालिकाको विधमान अवस्था

२.१ विभिन्न उमेर समूहका बालबालिकाको जनसंख्या

२.२ बाल श्रमको अवस्था

२.३ सडक बालबालिका

२.४ बाल यौन शोषण र दुव्र्यवहारको अवस्था

२.५ अपाङ्गता भएका बालबालिका

२.६ बालबालिका सम्बन्धी घटनाहरू

३.७ बाल विवाहको अवस्था

३.८ बालबालिका र एच.आई.भी एड्स

### भाग ३ बाल अधिकार र बालबालिकाको अवस्था

३.१ बाँच्न पाउने अधिकार

३.२ संरक्षणको अधिकार

३.३ बाल विकासको अधिकार

३.४ बाल सहभागिताको अधिकार

काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

**भाग ४ बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था**

४.१ बालबालिकाको लागि स्थानीय विकास योजना

४.२ बालबालिकाको लगानी योजना

४.३ योजनाको अनुगमन तथा मुल्याङ्कन

४.४ साझेदार तथा सहयोगी संस्थाहरूको भुमिका

**भाग ५ बालबालिका सम्बन्धी भएका कार्यहरूको उपलब्धि**

५.१ दिगो विकास लक्ष्य र बालवालिका

५.२ बाल शिक्षा

५.३ बाल स्वास्थ्य

५.४ खानेपानी तथा सरसफाई

५.५ बाल अपराध र बाल न्याय

५.६ बृहत विद्यालय सुरक्षा

- आज्ञाले
श्री मुक्ति पौडेल
प्रमुख प्रशासकीय अधिकृत
काठेखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट बागलुङ